www.janasawal.com
# जनसवाल
JANASAWAL NATIONAL DAILY
राष्ट्रिय दैनिक




वर्ष १८, अंक २५, २०८१ असोज २ गते बुधबार | (नेपाल संवत ११४४) | (Wednesday, 18 September, 2024) | मूल्य रू. ५/- | पृष्ठ ८

# प्रदेश संरचना हट्दैन : देउवा

काठमाडौं (जस)-नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवाले इतिहासले गरेका गल्तीहरु अझैपनि समाधान गर्न नसकिएको बताएका छन् । मंगलबार पार्टी कार्यलयमा आयोजित नेपाली कांग्रेसद्वारा आयोजित 'संविधानको एक दशक-कार्यान्वयन र चुनौती' विचार गोष्ठीलाई सम्बोधन गर्दै उनले विभिन्न जातजातिले बनेको देश नेपालमा अझैपनि विभाजन रहेको भन्दै उनले कतिपय कुराहरु कानूनी रुपमा समाधान भएतापनि अझैपनि व्यहारमा भने लागू हुन नसकेको बताए । उनले भने,'एउटा कुरा स्पष्ट छ । नेपाल विभिन्न जातजातिले बनेको देश हो यो । तर अझैपनि विभाजन छ । इतिहासले गरेका गल्तीहरु अझैपनि समाधान गर्न सकिएको छैन् । त्यसैले छुवाछुतलगायतका जस्ता कतिपय कुराहरु अझैपनि कानूनी रुपमा समाधान भएतापनि व्यहारमा भने

इ–पेपर हेर्नका लागि




लागू भएको छैन् ।' उनले प्रजातन्त्रको लागि विद्यार्थी कालदेखि नै जेलनेल भोगेको पार्टी भएका कारण कुनैपनि हालतमा प्रजातन्त्रको खिलाफको काम नगर्ने प्रतिवद्धता जनाए । प्रजातन्त्र अझ कसरी मझबुद बनाएर अगाडि बढाउने र जनताकाप्रति अझ बढि जवाफदेही बनाउने कुरा आजको आवश्यकता रहेको उनको भनाइ छ ।

उनले भने,'हामी प्रजातन्त्रको लागि पहिलेदेखि नै लडेर आएको हो । विद्यार्थी कालदेखि नै जेलनेल सबैकुराहरु भोगेको पार्टी हो । प्रजातन्त्रको खिलाफको कुनै पनि काम हुनसक्ने कुनै कुरा छैन् । यसलाई अझ कसरी मझबुद बनाउन अगाडि बढाउने र जनताकाप्रति अझ बढि जवाफदेही बनाउने कुरा आवश्यक छ ।' सभापति देउवाले प्रदेश संरचना हटाउने विषयमा धेरै कुरा उठ्ने गरेको भन्दै बनिसकेको प्रदेश संरचना कुनैपनि हालतमा नहट्ने स्पष्ट पारे । उनले सँधै प्रदेशबाट समानुपातिकबाट ल्याउने समस्या रहेको भन्दै जबसम्म नेपालमा आफै चुनाव जितेर आउने वातावरण बन्दैन् तबसम्म समावेशी राजनीति आवश्यक रहेको धारणा राखे । उनेल भने,'प्रदेश संरचना बनिसकेको छ । त्यसैले प्रदेश हट्ने कुरा चाँही छैन् । यसलाइ हटाउन सकिने स्थिति पनि छैन् । प्रदेश संरचनालाई कसरी अझ उत्तरदायी बनाउने भन्ने विषयमा विचार गर्ने भन्ने हो । सँधै कति समानुपातिकबाट ल्याउने ? त्यो समस्या चाँही छ । समानुपातिकबाट ल्याउनुपर्ने बाध्यता छ । जबसम्म नेपालमा आफै चुनाव जितेर आउँने बाताबरण बन्दैन तबसम्म समावेशी राजनीति आवश्यक छ ।'

कांग्रेस केन्द्रीय सदस्य पुष्पा भुसालले संविधानको जग सङ्घीय लोकतान्त्रिक गणतन्त्र र समावेशीता नै भएकाले त्यसलाई व्यवहारमा लागु गर्नुपर्ने आवश्यकता औंल्याइन । "कांग्रेसले समावेशीतालाई अपनाउन, विभेद र असमानता हटाउन गरेको योगदानको चर्चा जनसमक्ष पुग्न सकेन", उनले भनिन,"बहुमत प्राप्त स्थिर सरकार नहुँदा हाम्रो परिकल्पनाअनुसार घोषणापत्र कार्यान्वयन गर्न सकिएन । त्यसो भएको भए थप काम गर्न सकिन्थ्यो । गठबन्धन सरकार बनाउनु हाम्रो बाध्यता हो ।" अबको निर्वाचनमा कांग्रेसले युवाको अपेक्ष ाालाई सम्बोधन गर्न सक्ने गरी स्थिर सरकारको नारा लिएर जनतामा जानुपर्ने धारणा राखिन । कांग्रेस केन्द्रीय सदस्य एवं कानुन विभाग प्रमुख मानबहादुर नेपालीले जनताले देखेका सपना, अपेक्षा र आशालाई यथार्थमा बदल्न लाग्नुपर्ने बताए । उनले संविधान निर्माणको नेतृत्व गरेको पार्टी कांग्रेस यसमा अझ बढी जिम्मेवार र सचेत हुनुपर्ने बताए । वरिष्ठ अधिवक्ता संविधानविद् पूर्णमान शाक्यले नेपाली कांग्रेसले राजामा निहित अधिकार जनतामा ल्याउन र जनप्रतिनिधिमार्फत संविधान निर्माण गरेर त्यसलाई वैधता दिन खेलेको भूमिका सराहनीय रहेको र अब त्यसको संस्थागत विकासका लागि काम गर्नुपर्नेमा जोड दिए । उनले संविधानले अङ्गिकार गरेको मूल्य मान्यतालाई अझ बलियो बनाउने गरी क्रियाशील हुन आग्रह गरे । "सङ्घीय र प्रदेश सरकार स्थिर नभएसम्म स्थानीय सरकार मात्रै स्थिर भएर आर्थिक र पूर्वाधार विकासले गति लिन ▸▸ बाँकी पृष्ठ २ मा

# कार्यकर्ता आश्वस्त पार्ने रवि लामिछानेको प्रयास

## राष्ट्रिय भेलामा सहकारी ठगीको विषयमा चर्चा

काठमाडौं (जस)-राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को राष्ट्रिय भेला राजधानीमा मंगलबारदेखि सुरु भएको छ । बुधबारसम्म चल्ने भेलामा नेता कार्यकर्ताबीच सहकारी ठगीको विषयमा संसदीय छानबिन समितिको रिपोर्ट र त्यसमा सभापति रवि लामिछानेको विषयमा भएको सिफारिसबारे चर्चापरिचर्चा भएको छ । बैठकमा बोल्दै लामिछानेले समितिले आफूलाई सहकारी ठगीमा क्लिन चिट दिएको दाबी गरेपनि कारबाही सिफारिसको विषयमा भने मौन रहे । समग्रमा उनले आफूलाई क्लिन चिट दिएको भनेर कार्यकर्तालाई आश्वस्त पार्ने प्रयास गरे भने नेता कार्यकर्ताले पनि सोही अनुसार लामिछानेको बचाउ गरिरहेका छन् । भेलालाई सम्बोधन गर्दै लामिछानेले देशको राजनीतिमा षड्यन्त्र नै षड्यन्त्र भएको बताए । लामिछानेले देशका नेताहरू बिहानदेखि बेलुका सम्म षड्यन्त्र गर्नमै समय कटाउने गरेकाले यो देशको समृद्धि हुन नसकेको बताए । आफूमाथि सहकारी प्रकरण उचालेर सिद्ध्याउन खोजे पनि त्यो असफल भएको भन्दै लामिछाने अव गोरखा मिडियातिरबाट आक्रमण हुनसक्ने बताए । 'यो हल, उपस्थिति र यो भव्यता हाम्रा लागि अर्को एउटा खतराको घण्टी हो । उनीहरूलाई लागेको थियो कि रास्वपा सकियो ।



तर रास्वपा त यस्तो भएर आएको छ अव यसको मूल्य हामीले तिर्नुपर्छ है साथी हो', लामिछानेले भने, 'म साथीहरूलाई भन्न चाहन्छु अव आरोप सहकारी ठगबाट गोरखा मिडियातिर सर्छ ।' उनले प्रमाण कस्तो हुन्छ भन्ने कुरा आफ्नै केन्द्रीय नेताहरू बसेकोबाट थाहा हुन्छ होला नि भन्दै कांग्रेसतर्फ सङ्केत गरे । उनले सहकारीमा प्रमाण छ, प्रमाण छ भनेपनि प्रमाण नभएर प्रणाम छ भनेर भनेको रहेछ भनेर व्यङ्ग्य समेत गरे । यस्तै नेता शिशिर खनालले सहकारी अनियमितता प्रकरणमा सभापति रवि लामिछाने निर्दोष साबित भएको बताए । उनले भने- 'अब चोकमा, चिया पसलमा जाँदा शिर ठाडो पारेर मेरो सभापति रवि लामिछाने निर्दोष साबित हुनुभयो भन्नुहोस् । सहकारी छानबिन संसदीय समितिले सहकारी घोटालामा उहाँको कुनै भूमिका नरहेको प्रस्ट पारेको छ ।' सहकारी छानबिन समितिको प्रतिवेदनबारे संक्षिप्त ब्रिफिङ गर्दै उनले सहकारी प्रकरणमा रवि लामिछानेलाई लगाइएको आरोपमा तथ्य छैन भन्दा पनि समाचार लेख्न नछोडिएको उनले उल्लेख गरे ।

राष्ट्रिय भेलामा सातै प्रदेशका सभापतिहरूले प्रदेशगत प्रतिवेदन प्रस्तुत गरेका छन् । प्रतिवेदन प्रस्तुत गर्न उनीहरूलाई ७ देखि १० मिनेटको समय छुट्ट्याइएको थियो । निर्धारित समयमा प्रतिवेदन प्रस्तुत गरेका उनीहरूको साझा प्रतिबद्धता ०८४ को निर्वाचन जितेर पार्टी सभापति रवि लामिछानेलाई दुई तिहाइ बहुमत सहितको प्रधानमन्त्री बनाउने थियो । भेलामा आफ्नो प्रतिवेदन प्रस्तुत गर्दै मधेस प्रदेश सभापति तपेश्वर यादवले लामिछानेलाई दुई तिहाइको प्रधानमन्त्री बनाउने सपना बाहेक आफूसँग थप केही इच्छा, चाहना नभएको ▸▸ बाँकी पृष्ठ २ मा

# दुई महिनामा बजेट खर्च सात प्रतिशत




काठमाडौं(जस)-चालु आर्थिक वर्ष २०८१/८२ को सुरुवाती दुई महिनामा सरकारको बजेट खर्च करिब साढे सात प्रतिशत देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार गत भदौ मसान्तसम्ममा कूल विनियोजनको सात दशमलव ३९ प्रतिशत अर्थात् रु एक खर्ब ३७ अर्ब ५५ करोड २७ लाख बराबर बजेट खर्च भएको हो । चालु आवका लागि सरकारले कूल रु १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख बराबरको बजेट ल्याएको थियो । यो अवधिमा चालुतर्फ सात दशमलव २८ प्रतिशत अर्थात् रु ८२ अर्ब ९८ करोड ६५ लाख बराबर खर्च भएको छ । चालु आवका लागि सरकारले चालु शीर्षकमा रु ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख बराबर विनियोजन गरेको थियो । पुँजीगत शीर्षकमा रु तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख बराबर बजेट विनियोजन भएकोमा चार दशमलव २३ प्रतिशत अर्थात् रु १४ अर्ब ८९ करोड ४० लाख बराबर खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख विनियोजन भएकामा दश ▸▸ बाँकी पृष्ठ २ मा

# माओवादी केन्द्र प्रवास प्रदेशको बैठक सुरु



काठमाडौं । नेकपा (माओवादी केन्द्र) प्रवास प्रदेश समितिको परामर्श बैठक आजदेखि सुरु भएको छ । केन्द्रीय कार्यालय पेरिसडाँडामा केन्द्रीय पदाधिकारी र विभिन्न देशमा रहेका प्रवासका केन्द्रीय सदस्य र प्रदेश पदाधिकारीबीच श्रव्यदृश्यका माध्यमबाट बैठक सुरु भएको हो । दुई दिनसम्म चल्ने बैठकमा पार्टीका केन्द्रीय पदाधिकारीका साथै प्रवास प्रदेशमा कार्यरत केन्द्रीय सदस्य र प्रदेश पदाधिकारीको सहभागिता रहेको छ । बैठक सुरुआत गर्दै अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पार्टीलाई सुदृढ र एकताबद्ध बनाउनुको विकल्प नभएको बताए। उनले रुपान्तरण सम्भव भएको र यसको विकल्प नभएको बताए ।

"माओवादी कमजोर हुँदा परिवर्तनका मुद्दा उल्टिन्छन्, संविधानमाथि हमला हुन्छ," उनले भने, "परिवर्तनलाई जोगाउन पनि हामी सुदृढ एकतासहित अघि बढ्नुको विकल्प छैन ।" अध्यक्ष दाहालले अब सम्पूर्णरूपमा पार्टी पुनर्गठन र जनपरिचालनका कार्यक्रमसहित अघि बढ्ने बताए । ▸▸ बाँकी पृष्ठ २ मा




# एनआरएनएको पैसामा केसी पक्षको मनपरीविरुद्ध शर्मा-श्रेष्ठ समूह

## 'एनआरएनए डे' मनाइने, संस्था बचाउन लागिपर्ने निर्णय




काठमाडौं(जस)-गैरआवासीय नेपाली संघको आरके शर्मा-महेश श्रेष्ठ समूहले संघको कोषमा रहेको रकममा बद्री केसी समूहले मनपरी गरेको भन्दै आक्रोश पोखेको छ । सर्वोच्च अदालतको साउनको फैसलाबाट बालुवाटार स्थित सचिवालयमा फर्केका बद्री केसीले संघको खातामा रहेको रकम अनियन्त्रित ढंगले खर्च गरेको शर्मा-श्रेष्ठ समूहको भनाइ छ । संघको ११ औं महाधिवेशनपछि पनि त्यसैगरी केसी पक्षले मनपरी गरेको र अहिले फेरि त्यसै गरेको भन्दै त्यस्तो नगर्न चेतावनी दिइएको महासचिव बुद्धि सुवेदीले बताए । मंगलबार भर्चुअल माध्यमबाट बसेको बैठकमा बद्री केसीले सचिवालयबाट गरिरहेको मनपरीविरुद्ध गम्भीर समीक्षा भएको उनले बताए । बैठकमा समसामयिक विषयमा छलफल र आवश्यक निर्णय भएको जानकारी दिँदै उनले संस्थाभित्रको बेथितिभित्र एकताबद्ध भएर लड्ने निर्णय भएको जानकारी दिए ।

बैठकमा बोल्दै उपाध्यक्ष केशव पौडेल, गंगाधर गौतमलगायतले आफूहरु वैधानिक तबरले निर्वाचित भएको र सोही माग गरेर अदालत गएकाले न्याय मिल्ने विश्वास व्यक्त गरे । यस्तै सचिव लोक दाहालले एनआरएनए डे मनाउने लगायतका विषयमा रणनीति बनाउनुपर्ने धारणा राखेका थिए । यस्तै संघको पैसामा भइरहेको मनपरीविरुद्ध आवाज उठाइनुपर्ने उनको धारणा थियो । यस्तै टंक गैरेले सर्वोच्चको चैत २१ को फैसलाअनुसार शेष घलेको नेतृत्वमा १३ जनाको टिमले एकता गराउला भन्ने विश्वास रहेपनि त्यसो नहुने अवस्था रहेकाले अब आफूहरुनै अघि सरेको र अदालतले उपयुक्त निकास दिने विश्वास व्यक्त गरे । तयस्तै उनले एनसीसीहरु अलमलमा रहेको उल्लेख गर्दै उनीहरुसँग समन्वयको आवश्यकता औंल्याए । 'संस्था सिध्याउने कि बचाउने भन्ने नै अहिलेको लडाइँ हो', उनले भने, 'संस्थाको पैसा अन्धाधुन्द खर्च भएको छ । एनसीसीलाई सक्रिय बनाउनु पनि पर्छ यो बारे ठोस योजना बनाएर हामी अघि बढ्नुपर्छ ।'

यस्तै कोषाध्यक्ष ठाकुर ढुंगानाले संस्थालाई बचाउनु अहिलेको आवश्यकता भएको बताए । यस्तै सहकोषाध्यक्ष तिलक गैरेले लामो समयपछि बैठक बसेको भन्दै अब सक्रिय ढंगले अघि बढेर संघभित्रको सबै समस्योका हल गरिनुपर्ने बताए । बैठकमा उठेका विषयहरुमाथि प्रष्ट पार्दै अध्यक्ष आरके शर्माले आफूहरु न्यायका लागि लडाइँमा रहेको र छिट्टै अदालतले सकारात्मक निकास निस्कने विश्वास व्यक्त गरे । उनले अक्टोबर १० देखि ११ तारिख दुई दिन एनआरएनए डे मनाउने, संघमित्रको बेथितिबारे आफूहरुको धारणा पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्ने निर्णय भएको पनि सो क्रममा जानकारी दिए । यस्तै उपाध्यक्ष गंगाधर गौतमसँगै अन्य सचिवहरुलाई एनसीसीहरुसँग समन्वय गर्न जिम्मेवारी पनि प्रदान गरे । सो क्रममा सर्वोच्चमा आधिकारिकता माग गर्दै दायर रिटको सुनुवाइ अब असोज ७ गते तय भएको समेत जानकारी दिइयो । यसअघि अदालतले सो मुद्दामा कारण देखाउ आदेश जारी गरेर दुबै पक्षलाई छलफलमा बोलाउने आदेश गरेको थियो । यसैबीच शर्माले ▸▸ बाँकी पृष्ठ २ मा

# सरकारी र सार्वजनिकस्थलमा हतियार लैजान नपाइने

काठमाडौं (जस)-यात्रा इजाजतप्राप्त हतियार नवीकरणका लागि सम्बन्धित कार्यालयमा बाहेक अन्यत्र सरकारी कार्यालय एवं सार्वजनिकस्थलमा लैजान नपाइने भएको छ । सरकारले गत भदौ ३१ गते सूचना प्रकाशित गरी यात्रा इजाजतपत्र प्राप्त हातहतियारसमेत न्यायिक निकाय, संसद् भवन तथा परिसर, हातहतियारको इजाजतपत्र लिएको कार्यालयमा इजाजतपत्र नवीकरणका लागि ल्याउने वा लैजाने प्रयोजनबाहेक लैजान नपाउने जनाएको हो ।

मुख्यगरी सरकारी कार्यालय, अस्पताल, विमानस्थल, सार्वजनिक सवारीसाधन, धार्मिक तथा शैक्षिकस्थल, सिनेमा हल, व्यावसायिक भवन, हाटबजार तथा सपिङ मल, सभा जुलुस भएको स्थान, पुरातात्विक र संरक्षितस्थल, बाल गृह तथा प्रचलित कानुनले निषेधित गरेका अन्य क्षेत्रमासमेत ती हतियार लैजान नपाउने गरी निषेध गरेको गृहमन्त्रालयले राजपत्रमा प्रकाशित गरेको सूचनामा उल्लेख छ । सूचनामा नेपाल सरकारले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३ बमोजिम हातहतियार राख्न वा लिएर हिँड्न इजाजतपत्र प्राप्त गरेका तर दफा ४ र ५ बमोजिम यात्रा इजाजतपत्र प्राप्त नगरेका हातहतियार घरबाहिर लैजान नपाउने जनाएको छ ।

राजपत्रमा प्रकाशित सूचनामा भनिएको छ, 'यात्रा इजाजतपत्र प्राप्त गरेका हातहतियारसमेत न्यायिक निकाय, संसद् भवन तथा परिसर, हातहतियारको इजाजतपत्र लिएको कार्यालयमा इजाजतपत्र नवीकरणका लागि ल्याउने वा लैजाने प्रयोजन बाहेक सरकारी कार्यालय, अस्पताल, विमानस्थल, सार्वजनिक सवारीसाधन, धार्मिक तथा शैक्षिकस्थल, सिनेमा हल, व्यावसायिक भवन, हाटबजार तथा सपिङ मल, सभा जुलुस भएको स्थान, पुरातात्त्विक र संरक्षितस्थल, बालगृह तथा प्रचलित कानुनले निषेधित गरेका अन्य क्षेत्रमासमेत लैजान नपाउने गरी निषेध गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।' मेडिकल व्यवसायी दुर्गा प्रसाईको अङ्गरक्षकले अदालत परिसरमा हतियार लगेको भेटिएपछि सर्वोच्चले त्यस विषयमा आवश्यक कानुन बनाउन आदेश दिए अनुसार सरकारले उक्त निर्णय गरी राजपत्रमा सूचना जारी गरेको हो ।

# सहकारी ठगीमा समितिले सिफारिस गरेअनुसार कारवाही हुन्छ : उपप्रधानमन्त्री सिंह

धनगढी(जस)-उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले राजनीतिक स्थिरता र सरकारको स्थायित्वका लागि संसद्का दुई ठूला दलको गठबन्धन बनेको बताएका छन् । नेपाल प्रेस युनियन, कैलाली शाखाले मंगलबार धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले यसअघि बनेका सरकार पटक-पटक परिवर्तन हुँदा उत्पन्न परिस्थितिलाई सहज बनाउन कांग्रेस र एमाले मिलेर सरकार बनाउनु परेको धारणा राखेका हुन् ।

'पटक-पटक सरकार परिवर्तन हुँदा विकास निर्माण, शान्ति सुरक्षादेखि आर्थिक गतिविधिमा समेत समस्या देखियो । जसले जनतामा निराशा थप्न भूमिका खेल्यो । त्यसैकारण हामीले सात बुँदे समझदारीसहित वर्तमान सरकार बनेका हौं । सोहीअनुसार सरकारले काम गरिरहेको छ', उपप्रधानमन्त्री सिंहले भने । उनले वर्तमान सरकारले भूकम्प, कोरोना महामारीलगायत कारणले शिथिल बनेको अर्थतन्त्रलाई पुरानै अवस्थामा फर्काउने उद्देश्यका साथ काम अगाडि बढाएको धारणा राखे । सङ्घीयताको मर्म र जनचाहनाअनुसार राष्ट्रिय हित, संविधानको प्रभावकारी कार्यान्वयन, विकासका काममा गतिदिने गरी काम गर्न आफूहरू प्रतिबद्ध भएर लागेको उपप्रधानमन्त्री सिंहले बताए । सहकारी बचत रकम दुरुपयोगका सम्बन्धमा सञ्चारकर्मीले राखेको जिज्ञासामा सहरी विकासमन्त्री सिंहले संसदीय छानबिन समितिको प्रतिवेदनअनुसार सरकारले काम अगाडि बढाउने बताए । 'हिजो मात्रै समितिले प्रतिवेदन बुझाएको छ । सरकारले गर्नुपर्ने कामका विषयमा सिफारिस र सुझाव आएका छन् । त्यसको अध्ययन गरेर थप कारबाही अगाडि बढाउन सरकार प्रतिबद्ध छ । आमबचतकर्ताको रकम फिर्ता र दोषीलाई कारबाहीको प्रक्रियामा ल्याउँछौं', उनले भने ।सहकारी बचत रकम दुरुपयोगका सम्बन्धमा सञ्चारकर्मीले राखेको जिज्ञासामा सहरी विकासमन्त्री सिंहले संसदीय छानबिन समितिको प्रतिवेदनअनुसार सरकारले काम अगाडि बढाउने ।

## हिउँदे अधिवेशनबाट मन्त्रालयसँग सम्बन्धित विधेयकहरु प्रस्तुत हुने छन् : मन्त्री पाण्डे

काठमाडौं (जस)-संस्कृति पर्यटन तथा नागरिक उड्यनमन्त्री बद्री पाण्डे संसदको हिउँदे अधिवेशनबाट मन्त्रालय सम्बद्ध ऐनहरु संशोधन हुने बताएका छन् । मंगलबार नेपाल पर्वतारोहण संघको ३४ औं वार्षिक सधारण सभालाई सम्बोधन गर्दै मन्त्री पाण्डे हाल संसद अधिवेशन अन्त्य भएकाले आगामी हिउँदे अधिवेन अगावै ऐनहरुलाई मूर्त रुप दिने काम हुने विश्वास व्यक्त गरेका छन् ।

मन्त्री पाण्डे भने,'हिजो मात्रै संसदको अधिवेशन अन्त्य भएको छ । हामीले पर्यटन,संस्कृति,हवाई उड्यन, लगायतका नीतिहरु परिमार्जन गर्न खोजिरहेका छौं । संसदको हिउँदे अधिवेशन सुरु हुनु अगावै नीतिलाई अन्तिम रुप दिने छौं ।' मन्त्री पाण्डेले नेपाल पर्वतारोहण सम्बन्धी ऐनमा के कहाँ परिमार्जन गर्न सकिन्छ त्यसबारे सुझाव दिन समेत आव्हान गरेका छन् । उनले नेपाल एयरलाइन्सलाई चलायमान बनाउन जरुरी रहेको समेत बताए । फरक प्रशंगमा बोल्दै मन्त्री पाण्डेले मुलुकको स्थायीत्वका लागि दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले मिलेर सरकार बनाउनु परेको उद्घोष गरे ।

मन्त्री पाण्डेले भने, 'नेपाली कांग्रेस र नेकपा एमाले एक ठाउँमा उभिनु सहजता पक्कै पनि होइन । यो स्वभाविक पनि छैन। तर स्थीर सरकार चलाउनका लागि एक ठाउँमा उभिएका हौं ।' यो सरकार ०८४ सम्मै चल्छ । उहाँले मुलकको समृद्धि र विकासका लागि प्रमुख प्रतिपक्षीमा रहेका दल नेकपा माओवादी, राप्रपा लगायत मधेशवादी दलहरुसँग समेत सहकार्य गर्न सकिनेमा जोड दिए ।

## 'बागमती प्रदेशलाई खेलकुदमैत्री प्रदेश बनाउन प्रतिबद्ध'

बागमती (जस)-बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले बागमती प्रदेशलाई खेलकुदमैत्री बनाउन सरकार प्रतिबद्ध रहेको बताएका छन् । संविधान दिवस तथा राष्ट्रिय दिवस २०८१ का अवसरमा प्रदेशस्तरीय दिवस मूल समारोह समिति तथा बागमती प्रदेश सरकारको युवा तथा खेलकुद मन्त्रालय, प्रदेश खेलकुद विकास परिषद्ले संयुक्त रूपमा आयोजना गरेको मैत्रीपूर्ण भलिबल प्रतियोगिताको मंगलबार हेटौंडामा उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री लामाले खेलकुद क्षेत्र सरकारको प्राथमिकतामा रहेको बताएका हुन् ।

"खेलकुद राष्ट्रको गहना मात्र होइन, यसले राष्ट्रको पहिचानसमेत स्थापित गराउने काम गर्छ", मुख्यमन्त्री लामाले भने, "यस प्रदेशलाई खेलकुदको दृष्टिकोणले अग्रणी प्रदेश बनाउन हामी प्रयत्नशील छौँ, त्यसैले खेलकुद सरकारको प्राथमिकतामा छ । युवालाई खेलकुदमा सहभागी गराउँदा कुलतबाट जोगाउन सकिने भएकाले खेलकुदलाई अझ प्रभावकारी बनाउनुपर्ने उनको भनाइ थियो । कार्यक्रममा बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले समाज र राष्ट्रलाई जोड्न खेलकुद क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको चर्चा गर्दै खेलकुद क्षेत्रको विकासका लागि सरकार प्रयत्नशील रहेको बताए । असोज १ देखि ४ गतेसम्म विविध कार्यक्रम गरी संविधान दिवस मनाउने प्रदेशस्तरीय मूल समारोह समितिको निर्णयानुसार आयोजना गरिएको मैत्रीपूर्ण भलिबल प्रतियोगितामा मुख्यन्त्री कार्यालय, विभिन्न स्थानीय तह, नेपाल पत्रकार महासङ्घलगायत १३ टिमको सहभागिता रहेको आयोजक प्रदेश खेलकुद विकास परिषद्का तालिम, प्रतियोगिता तथा खेलुकद शाखा प्रमुख दुर्गाप्रसाद दुलालले जानकारी दिए ।

## क्यान्सर उपचार सेवा विस्तारको सम्झौता

गण्डकी(जस)-चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानबीच क्यान्सर उपचार सेवा विस्तारसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलको उपस्थितिमा पोखरामा मंगलबार आयोजित कार्यक्रममा बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेल र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा भरतबहादुर खत्रीले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । सम्झौताअनुसार हरेक महिना कम्तीमा एकपटक सेवा सञ्चालनका साथै बहिरङ्ग, अन्तर ङ्ग सेवा प्रदान गर्नुपर्नेछ ।

त्यस अवसरमा मन्त्री पौडेलले उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग गरी सेवा विस्तारको योजना कार्यान्वयन भएको बताउँदै सेवाका आधारमा स्वास्थ्य संस्थाको वर्गीकरण हुनुपर्नेमा जोड दिए । स्वास्थ्य बीमालाई योगदानमा आधारित बनाउनुपर्ने बताउँदै दुवै अस्पतालका पूर्वाधार निर्माणमा सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले खरिद प्रक्रियालाई पारदर्शी बनाउन आफू लागिपरेको बताए ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त सचिव डा विकास देवकोटा, बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका अध्यक्ष डा विजय न्यौपाने, नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बराल लगायत वक्ताले क्यान्सरको उपचारमा अस्पतालमा उपलब्ध सेवाबारे जानकारी दिएका थिए । मन्त्री पौडेलले पश्चिमाञ्चल क्षेत्रीय अस्पताल तथा नेपाल परिवार नियोजन सङ्घ निरीक्षण गरी सेवा प्रवाहबारे जानकारी लिएका थिए ।

**वरुण इन्भेष्टमेन्ट लि. काठमाण्डौं**

**वार्षिक साधारण सभा सम्बन्धी संशोधीत सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८१/०६/०२

**आदरणीय शेयरधनी महानुभावहरू**

यस कम्पनीको संचालक समितिको मिति २०८१/०६/०१ गतेका दिन बसेको बैठकको निर्णयानुसार कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने र उक्त साधारण सभामा निम्न विषयहरु उपर छलफल गरी निर्णय गरिने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ

**सभा हुने मिति, स्थान र समय** :-

**मिति** :- २०८१ साल आश्विन २२ गते मंगलवार

**स्थान** :- कम्पनीको केन्द्रिय कार्यालय, काठमाण्डौं

**समय** :- बिहान ११:०० बजे

**छलफलका विषयहरू**

**क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८० / ०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।

२. आ.व. २०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन सहितको सम्पूर्ण वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

३. कम्पनी ऐनको दफा१११ बमोजिम आर्थिक वर्ष २०८१/०८२ का लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।

**ख) विविध**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८१/०६/०२

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०५/३१ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **एरिट कन्सल्टिङ्ग ग्रुप प्रा. लि.**(प्रा.लि.नं.३३५७१०)को नाममा रहेको सम्पूर्ण चल चल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **न्याभिगो कन्सल्टिङ्ग ग्रुप प्रा. लि.** अंग्रेजीमा **Navigo Consulting Group Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८१/०६/०२

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८०/०६/१८ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **ज्योमलिङ्ग अर्गानिक प्रोडक्ट प्रा. लि.**(प्रा.लि.नं.१९०८८४)को नाममा रहेको सम्पूर्ण चल चल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **इमेक्स हिमालयन एग्रो प्रोडक्ट प्रा. लि.** अंग्रेजीमा **Imex Himalayan Agro Product Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८१/०६/०२

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०५/२० मा स्वीकृती प्राप्त भई साविक कम्पनी **एप्पल होल्डिङ्ग प्रा. लि.**(प्रा.लि.नं.३११७६९)को नाममा रहेको सम्पूर्ण चल चल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **एप्पल सेन्टर प्लस प्रा. लि.** अंग्रेजीमा **Apple Center Plus Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८१/०६/०२

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०५/२७ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **बेस्ट रिसोर्ट नेपाल प्रा. लि.**(प्रा.लि.नं.२७७८७३)को नाममा रहेको सम्पूर्ण चल चल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **आइएमई हस्पिटालिटी प्रा. लि.** अंग्रेजीमा **Ime Hospitality Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८१/०६/०२

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०७८/०६/१२ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **ओरिएन्टल एकेडेमी बारा प्रा. लि.**(प्रा.लि.नं.११०४३६)को नाममा रहेको सम्पूर्ण चल चल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **न्यु समाज सेवा सदन इङ्गलिस बोर्डिङ्ग स्कुल बारा प्रा. लि.** अंग्रेजीमा **New Samaj Sewa Sadan English Boarding School Bara Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८१/०६/०२

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०५/१७ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **क्लियर ट्याक्स नेपाल प्रा. लि.**(प्रा.लि.नं.१४९३३५)को नाममा रहेको सम्पूर्ण चल चल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **इजी ट्याक्स नेपाल प्रा. लि.** अंग्रेजीमा **Easy Tax Nepal Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८१/०६/०२

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०५/१७ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **नेशनल बि. पि. ओ. सर्भिसेज प्रा. लि.**(प्रा.लि.नं.१०९४१९)को नाममा रहेको सम्पूर्ण चल चल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **डिके एशोसियट्स प्रा. लि.** अंग्रेजीमा **Deekay Associates Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति : २०८१/०६/०२

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०५/२६ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **स्मार्ट स्टार्ट प्लेग्रुप प्रा. लि.**(प्रा.लि.नं.२३२६२६)को नाममा रहेको सम्पूर्ण चल चल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **आरम्भ एकेडेमी एण्ड किन्डरगार्टेन प्रा. लि.** अंग्रेजीमा **Aarambha Academy And Kindergarten Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति : २०८१/०६/०२

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०४/२५ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **अरूणोदय इङ्गलिस स्कूल भक्तपुर प्रा. लि.**(प्रा.लि.नं.२९६३५)को नाममा रहेको सम्पूर्ण चल चल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **विश्व विनायक पाठशाला स्कुल प्रा. लि.** अंग्रेजीमा **Vishwo Vinayak Pathshala School Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## 'संरक्षण शिक्षा'को खाका तयार

बागलुङ(जस)-जलवायु परिवर्तन र जैविक विविधताको संरक्षणका लागि स्थानीय पाठ्यक्रम तयार गर्नुपर्ने आवाज उठ्न थालेको छ । नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनमा पर्ने जैविक विविधताको संरक्षणका लागि नयाँ पुस्तालाई तयार गर्न पाठ्यक्रम आवश्यकता रहेको आवाज उठ्न थालेको हो ।

सिकार आरक्षवरपर रहेका निसीखोला गाउँपालिका र ढोरपाटन नगरपालिकामा रहेका विद्यालयका प्रधानाध्यापक, विज्ञान शिक्षक लगायतका सरोकारवालाले पाठ्यक्रमको आवश्यकता औंल्याए। 'संरक्षण शिक्षा' सम्बन्धी स्थानीय पाठ्यक्रम तयार गरेर माध्यमिक तहका विद्यार्थीलाई पढाउन सके जलवायु परिवर्तनका कारण जैविक विविधतामा देखिने समस्यासँग अनुकूलित हुन जनस्तरमा चेतना पुग्ने उनीहरूको धारणा थियो ।

बागलुङको बुर्तिबाङमा चार दिनसम्म चलेको कार्यशालाबाट उनीहरूले 'संरक्षण शिक्षा' सम्बन्धी स्थानीय पाठ्यक्रम सिकाइ युनिटको खाका समेत तयार गरेका छन् । दिगो पर्यटन प्रवर्द्धन परियोजनाअन्तर्गत वातावरण तथा जैविक विविधता संरक्षणमा पारेको प्रभावका विषयमा आयोजित कार्यशालामा जलवायु परिवर्तन, वातावरण संरक्षण, दिगो पर्यटन प्रवर्द्धन तथा जैविक विविधताका विषयमा बृहत् छलफल भएको थियो । ढोरपाटन र निसीखोलाका स्थानीय विषयलाई प्राथमिकतामा राखेर सुरु भएको छलफलमा पाठ्यक्रमको आवश्यकता औंल्याइएको हो ।

ढोरपाटन नगर र निसीखोलाका १२ विद्यालयका प्रधानाध्यापक, विज्ञान शिक्षक, पालिकाका शिक्षा संयोजकसहित विषयविज्ञको सहभागितामा पाठ्यक्रम निर्माणको माग उठेपछि संरक्षण शिक्षा पाठ्यक्रम र सिकाइ युनिटको खाका तयार पारिएको परियोजना निर्देशक अमर थापाले जानकारीदिए । "बढ्दो तापमान, हाम्रो मौसमी प्रणालीमा आएको फेरबदल र नागरिकको तहमा परेको जलवायु परिवर्तनको असरका विषयमा चर्चा हुन जरुरी थियो," उनी भन्छन्, "हामीले प्राकृतिक रूपमा भइरहेको परिवर्तनलाई रोक्न सक्दैनौं तर अनुकूलनका उपायहरूमा पुग्न सक्छौं ।"

छलफलबाट तयार भएको पाठ्यक्रमको खाकामा पर्यटन क्षेत्रका सम्भावना, स्थानीय वस्तु तथा सेवाको बजारीकरण, स्थानीय वस्तुको उपयोग लगायतका विषय समाबेश रहेको उनले बताए । पाठ्यक्रम र सिकाइ युनिटको खाका तयार भए पनि त्यसको कार्यान्वयनका लागि भने स्थानीय तह तत्पर हुन जरुरी छ । स्थानीय तहले बनाइरहेको स्थानीय पाठ्यक्रममा खाका अनुसारका विषयवस्तु समावेश हुँदा माध्यमिक तहमा जलवायु परिवर्तन र जैविक विविधताको विषय पढाइ हुने उनले बताए । पाठ्यक्रमका लागि परियोजनाले स्थानीय तहसँग अनुरोध गर्ने जनाएको छ । दिगो पर्यटनका अवसर, चुनौती, दिगो पर्या-पर्यटनको दुर्वल पक्ष, सम्भावना र योजनाका विषयमा समेत छलफल सुरु भएको छ ।

## चितवन राष्ट्रिय निकुञ्जमा आठ छावा थपिँदै

चितवन(जस)-चितवन राष्ट्रिय निकुञ्जको हात्ती प्रजनन तथा तालिम केन्द्र खोरसोरमा एकै वर्षमा आठवटा छावा (हात्तीको बच्चा) थपिने भएका छन् । यसवर्ष दुईवटा बच्चा जन्मिसकेका छन्भने छवटा जन्मिने क्रममा छन् । तालिम केन्द्रका प्रमुख मनपुरण चौधरीका अनुसार गएको जेठ १२ गते कर्णालीकलीले भाले र जेठ१६ गते हिमालीकलीले पोथी छावा जन्माएका हुन् । यही असोजभित्रमा देवीकली, तीर्थमानकली र रिमझिमकलीले बच्चा जन्माउने उनले बताए । उनका अनुसार यसै वर्षभित्र तमोरकली, लोकतन्त्रकली र चितवनकलीले बच्चा जन्माउँदै छन् ।

प्रमुख चौधरीले भने "एक-दुई महिना तलमाथि होला तर यसै वर्षमा आठ छावा थपिँदै छन् ।" यसअघि विसं २०८० सालमा दुईवटा छावा जन्मिएका थिए । गण्डकीकली र प्रवेशकलीले छावा जन्माएका हुन् । विसं २०७९ मा ६ छावा जन्माएका थिए ।

बच्चा जन्मिएको दुई महिनापछि नै हात्ती पुनःगर्भवती हुनयोग्य हुने जनाइएको छ । उनका अनुसार २२ देखि २४ महिनामा हात्तीले बच्चा जन्माउँछ । अधिकांश छावा जङ्गली हात्ती रोनाल्डो, गोविन्दे, ध्रुवे र मकुनाका हुन् । खोरसोर क्षेत्रमा अहिले पनि गोविन्दे र मकुना दैनिक आउने गरेको उनले जानकारी दिए ।

जन्मिएको तीन वर्षपछि हात्तीका बच्चालाई तालिम दिने गरिन्छ । चौधरीका अनुसार प्रजनन केन्द्रमा हाल ११ माउ र १० छावा छन् । विसं २०४४ देखि सुरु भएको

## बागमती प्रदेशसभाको बैठक असोज ६ मा

बागमती (जस)-बागमती प्रदेशसभाको बैठक यही असोज ६ गते बस्ने भएको छ । प्रदेशसभा सचिवालयमा दर्ता भएको तीनवटा विधेयकमाथि दफा छलफल गरी पारित गर्न असोज ६ गते दिउँसो १ बजेका लागि बैठक बोलाइएको सभामुख भुवनकुमार पाठकले जानकारी दिए । गत भदौ १३ गते बसेको प्रदेशसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा कृषि समितिले 'प्रदेश स्वास्थ्य ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०८० ' र 'प्रदेश कृषि विकास सम्बन्धनमा व्यवस्था गर्न बनेको विधेयक' पारित गर्दै प्रदेशसभा बैठकमा प्रस्तुत गर्ने निर्णय गरेको थियो ।

यस्तै, उद्योग, पर्यटन तथा वातावरण समितिको बैठकले 'प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०' पारित गरी प्रदेशसभामा पठाउने निर्णय गरेको थियो । यी तीनवटै विधेयक पारित गर्ने प्रदेशसभा सचिवालयको तयारी छ । यही असोज ६ गते बस्ने प्रदेशसभा बैठकको कार्यसूची तय गर्न असोज ५ गते दिउँसो ३ बजे प्रदेशसभा कार्यव्यवस्था परामर्श समितिको बैठक आह्वान गरिएको छ । बागमती प्रदेशसभाको बैठक यसअघि गत साउन १५ गते बसेको थियो । सो बैठकबाट दुईवटा विधेयक पारित गरी अर्को सूचना जारी नभएसम्मका लागि बैठक स्थगित गरिएको थियो ।

# अराजक गतिविधि गरेको आरोपमा एकजना पक्राउ

वीरगञ्ज (पर्सा)(जस)-प्रहरीले सामाजिक सञ्जालमार्फत अराजक गतिविधि फैलाएको आरोपमा एक जनालाई पक्राउ गरेको छ । वीरगञ्ज महानगरपालिका-१५ लक्ष्मण वा भन्ने २१ वर्षे ओमकुमार पटेललाई प्रहरीले सार्वजनिक शान्तिविरुद्धको कसुरमा मंगलबार पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक दीपक भारतीले पटेलले सामाजिक सञ्जाल फेसबुक, टिकटक, ट्वीटर, ह्वाट्सएप लगायतमा 'किङ्स अफ पर्सा'मार्फत अपशब्द प्रयोग गर्ने, गाली गर्ने, हातहतियार प्रदर्शन गरेकाले पक्राउ गरेको जानकारी दिए ।

### प्रदेश...

सक्दैन । स्थानीय सरकारबाट मात्रै जनता सन्तुष्ट हुन सकेका छैनन", संविधानविद् शाक्यले भने,"हाम्रो शासन व्यवस्थामा केही त्रुटि छ, यसमा सोच्नुपर्ने अवस्था आएको छ । प्रदेश तहमा पनि स्थायी सरकारको परिकल्पना गर्नुपर्छ, त्यहाँ प्रत्यक्ष निर्वाचन गरेर हेरौं न ! संविधानलाई परिमार्जन गरेर त्रुटी सच्याउँदै अगाडि बढ्न आवश्यक छ ।"

### दुई...

दशमलव आठ प्रतिशत अर्थात् रु ३९ अर्ब ६७ करोड २२ लाख बराबर खर्च भएको छ ।

यही अवधिमा सरकारले वार्षिक लक्ष्यको ११ दशमलव ५२ प्रतिशत राजस्व असुली गरेको छ । चालु आवका लागि कूल रु १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख बराबर राजस्व उठाउने लक्ष्य राखेकोमा भदौ मसान्तसम्ममा रु एक खर्ब ६९ अर्ब ५१ करोड ७९ लाख बराबर सङ्कलन भएको छ ।

यो अवधिमा सङ्कलित राजस्वमध्ये कर राजस्वतर्फ वार्षिक लक्ष्यको ११ दशमलव ३१ प्रतिशत अर्थात् रु एक खर्ब ४५ अर्ब १९ लाख ३३ हजार असुली भएको छ । कर राजस्वतर्फ सरकारले कूल रु १२ खर्ब ८४ अर्ब २० करोड ९६ लाख बराबर उठाउने वार्षिक लक्ष्य राखेको छ । गैरकर राजस्वतर्फ रु एक खर्ब ३५ अर्ब नौ करोड ३४ लाख बराबर वार्षिक लक्ष्य राखिएकोमा १५ दशमलव ६९ प्रतिशत अर्थात् रु २१ अर्ब १९ करोड ४३ लाख बराबर सङ्कलन भएको छ । चालु आवका लागि सरकारले रु ५२ अर्ब ३२ करोड ६५ लाख बराबर वैदेशिक अनुदान उठाउने लक्ष्य राखेकोमा हालसम्म वैदेशिक अनुदान उठाउन सकेको छैन ।

### माओवादी...

बैठकमा सहभागीका धारणा सुनेपछि अन्तिममा केन्द्रीय पदाधिकारीले सम्बोधन गर्ने कार्यक्रम छ । पार्टी केन्द्रीय समिति बैठकको तयारी स्वरुप माओवादी केन्द्रले विभिन्न प्रदेशमा परामर्श बैठक आयोजना गर्दै आएको छ ।

माओवादी केन्द्रले बागमती, उपत्यका विशेष प्रदेश, सम्पर्क समन्वय प्रदेश, गण्डकी, सुदूरपश्चिम, कर्णाली, लुम्बिनी प्रदेश, प्रदेश नम्बर १, मधेश प्रदेश तथा केन्द्रीय अनुशासन आयोग, निर्वाचन आयोग र लेखा आयोगको परामर्श बैठक सम्पन्न गरिसकेको छ । अब केन्द्रीय सल्लाकार समिति र ज्येष्ठ कम्युनिष्ट मञ्चको बैठक सकेर केन्द्रीय समिति बैठकको तयारीमा लाग्ने माओवादी केन्द्रले जनाएको छ । केन्द्रीय समितिको बैठकबाट सङ्गठन सुदृढीकरण र जनपरिचालनका कार्यक्रम ल्याउने माओवादी केन्द्रको तयारी छ ।

### कार्यकर्ता...

घोषणा गरे । 'रवि सरलाई दुई तिहाइको प्रधानमन्त्री बनाउने सपना छ। त्यसमा मधेसले पूर्ण भूमिका खेल्ने म विश्वास दिलाउन चाहन्छु,' उनले भेलामा प्रतिबद्धता जनाए । गण्डकी प्रदेश सभापति राजन गौतमले आफूलाई चुनाव लड्ने रहर नभएको समेत बताए । योग्य र क्षमतावान् मान्छे भए चुनाव जिताउन लाग्ने उनको भनाइ थियो । उनले भने, 'रवि लामिछानेलाई प्रधानमन्त्री बनाउने रहर छ । बरु म चुनाव लड्दिनँ ।'

लुम्बिनी प्रदेशका सभापति देवराज पाठकले पनि सोही आशयको अभिव्यक्ति दिए । 'सभापतिज्यूलाई दुई तिहाइको प्रधानमन्त्री बनाउने रहर छ,' प्रदेशको प्रतिवेदन प्रस्तुत गर्दै उनले भने । सोमबार संसदीय समितिको प्रतिवेदनले भने सहकारीको रकम ठगी र अपचलनमा संलग्नहरूलाई कारबाही गर्ने तथा सहकारी अभियानलाई शुद्धीकरण गर्ने प्रस्थानविन्दु देखाएको थियो । जसमा संसदीय समितिको प्रतिवेदनले रकम दुरुपयोग गर्ने लामिछानेसहित सबैमाथि कारबाही गर्न र पीडितको रकम फिर्ता गराउन भनिएको छ । पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम, वीरगन्जको सानो पाइला र काठमाडौंको स्वर्णलक्ष्मी सहकारीबाट ६५ करोड ५४ लाख गोर्खा मिडियामा आएको र लामिछानेको हस्ताक्षरसहितको चेकबाट उक्त रकम खर्च भएको समितिको निष्कर्ष छ ।

समितिको यस्तो निष्कर्ष सार्वजनिक हुँदानहुँदै लामिछाने र उनको पार्टीका नेताहरू भने छानबिन समितिबाट 'क्लिन चिट' पाएको भनेर खुलेआम भनिरहेका हुन् । यो विषयमा आन्तरिक रुपमा कमलादीस्थित भेलास्थलमा पनि नेता कार्यकर्ताबीच कुराकानी भइरहेको सुनिन्थ्यो । 'गोरखा मिडियाका अध्यक्ष गितेन्द्रबाबु राई र सदस्य कुमार रम्तेल तथा तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछाने र सञ्चालक छविलाल जोशी कम्पनीमा साझेदारका रूपमा बहाल रहेको अवधिमा सहकारीबाट कम्पनीमा आएको रकमको हकमा जिम्मेवार रहेको हुँदा प्रचलित कानुनबमोजिम कारबाहीका लागि नेपाल सरकारलाई सिफारिस गर्ने', प्रतिवेदनमा भनिएको छ । प्रतिवेदनमा यति प्रस्ट किटान भए पनि तथ्यलाई बङ्ग्याएर रविसहित रास्वपा नेताहरूले अर्कोतिर गरेको तर्कमा राज्य संयन्त्रले सही थापे बेग्ले कुरा हो । नत्र सहकारीबाट कम्पनीमा आएको रकमको हकमा जिम्मेवार हुने भनेबाटै लामिछानेलाई कारवाही गर्नुपर्छ भन्ने प्रतिवेदनको आशय देखिन्छ । यस्तै कानुनविद्हरुले समेत प्रचलित कानुनअनुसार लामिछानेमाथि कारबाही हुन सक्ने बताइरहेका छन् ।

### एनआरएनएको...

आफूहरुको उद्देश्य एकताबद्ध एनआरएनए भएकाले यसैविरुद्ध संघका केही स्वार्थी तत्वहरुविरुद्ध लडिरहेको र निकास ननिस्केसम्म लडिरहने बताए । 'हामी काँधमा आएको जिम्मेवारी छाडेर भाग्दैनौं । केही व्यक्ति संघको कोष रित्याउन लागिसकेका छन । त्यसविरुद्ध चुप बस्दैनौं', उनले भने । अदालतबाट मुद्दा टुंगिएपछि आफूहरुले एकताबद्ध एनआरएनए बनाउन बाटो खुल्ने उनको विश्वास थियो ।

## प्रदेशसभा सदस्यलाई आचारसंहिता

लुम्बिनी (जस)-नेपाल कम्युनिष्ट पार्टी (एमाले) लुम्बिनी प्रदेश संसदीय दलले प्रदेशसभा सदस्यलाई आचारसंहिता लागू गर्ने निर्णय गरेको छ । एमाले संसदीय दलका नेता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा मंगलबार देउखुरीमा भएको बैठकले आचारसंहिता लागू गर्ने निर्णय गरेको हो । एमाले प्रदेशसभा संसदीय दलको विधान, २०७५ बमोजिम प्रदेशसभा संसदीय दलको कार्य प्रणालीलाई अनुशासित र व्यवस्थित गर्न आचारसंहिता जारी गरेको दलका उपनेता भोजप्रसाद श्रेष्ठले जानकारी दिए । सस्तो लोकप्रियता मंगलबारनमा लाग्ने प्रवृत्तिको अन्त्य तथा आर्थिक प्रलोभनबाट सदस्यहरूलाई मुक्त गर्नु आचारसंहिताको उद्देश्य हो । जनप्रतिनिधिको क्षेत्रगत कामसँग बाझिने कुनै पनि उपभोक्ता समिति, सरकारी तथा गैरसरकारी र वित्तीय संस्थाका कार्यकारी पदमा रही भूमिका निर्वाह गर्न नपाइने, जिम्मेवारीमा रहेको भए अलग हुन आचारसंहिताले निर्देशित गरेको छ । लैङ्गिक, यौनजन्य विभेद तथा अशिष्ट अभिव्यक्तिजस्ता दुर्व्यवहार गर्न नपाइने, असल शासनका हरेक पक्षमा जिम्मेवार हुने, पारदर्शी र कुशल जनप्रतिनिधिको रूपमा स्थापित हुनुपर्ने, उच्छृङ्खल र अराजक गतिविधि एवं सामाजिक सञ्जालमा पार्टी नीतिविपरीत क्रियाकलाप गर्न नहुने उल्लेख छ ।

जनप्रतिनिधिको क्षेत्रगत कामसँग बाझिने कुनै पनि उपभोक्ता समिति, सरकारी तथा गैरसरकारी र वित्तीय संस्थाका कार्यकारी पदमा रही भूमिका निर्वाह गर्न नपाइने, जिम्मेवारीमा रहेको भए अलग हुन आचारसंहिताले निर्देशित गरेको छ ।

# समृद्ध मुलुक निर्माणका निम्ति प्रविधिको उपयोग अपरिहार्य छ : प्रधानमन्त्री



काठमाडौँ(जस)-प्रधानमन्त्री केपी शर्मा ओलीले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न विज्ञान तथा प्रविधि क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताएका छन् । बाह्रौँ राष्ट्रिय विज्ञान दिवसका अवसरमा मंगलबार जारी गरेको शुभकामना सन्देशमा उनले विज्ञानको संसारमा हाम्रो आफ्नै वैज्ञानिक खोज परम्परालाई पुनःजागृत गर्नुपर्नेमा जोड दिएका छन् ।

"पूर्वीय दर्शनले सयौँ वर्षअघिदेखि कसरी वैज्ञानिक खोजलाई आफूमा समाहित गरेको थियो भन्ने प्रमाण हाम्रा शास्त्र र ग्रन्थहरूमा प्रष्ट छन् । हाम्रो शिक्षा प्रणाली परापूर्वकालमा असाधारण र विज्ञान प्रवर्तक थियो । समयक्रममा हामीले आफ्नो ढङ्गले यसलाई विकास गरेर जान सकेनौँ", सन्देशमा भनिएको छ, "बाँकी संसारले ज्ञानको उज्यालोसँग साक्षात्कार गर्न नपाएको युगमा पनि विज्ञानका युगान्तकारी सिद्धान्त हाम्रो शिक्षा, शैक्षिक प्रणाली र मौलिक परम्परामा समेटिएका थिए । खगोलशास्त्र, भूगोलशास्त्र, औषधि विज्ञान, जीव विज्ञानको क्षेत्रमा हेर्दा हामी उहिल्यै अगाडि थियौँ । अब फेरि हाम्रो आफ्नै वैज्ञानिक खोज परम्परालाई पनि पुनःजागृत गर्नुपर्नेछ ।"

प्रधानमन्त्रीले विकास-निर्माणका कामलाई द्रुत गतिमा कार्यान्वयन गर्न सरकारले विज्ञान र प्रविधिलाई मेरुदण्डका रूपमा अङ्गीकार गर्दै आर्थिक विकास एवं सामाजिक रुपान्तरणका साथै प्राविधिक विकासलाई उत्पादनको मूल आधार मानिएको जनाए । "सरकारले विज्ञान र प्रविधिको शिक्षालाई प्रगतिको वाहकका रूपमा अङ्गीकार गर्ने नीति लिएको छ । विज्ञान र प्रविधिको क्षेत्रमा विद्यमान संरचनाहरूको सशक्तीकरण र सबलीकरण पनि उत्तिकै आवश्यक रहेको छ । यस्ता सङ्गठनहरू उच्चस्तरीय आयोग बनाई पुनःसंरचनाको खाका तयार गरी कार्यान्वयन गर्ने सरकारको दीर्घकालीन नीति रहेको छ", सन्देशमा भनिएको छ ।

# राष्ट्रपतिद्वारा इन्द्रजात्रा अवलोकन



काठमाडौँ(जस)-राष्ट्रपति रामचन्द्र पौडेलले इन्द्रजात्राका अवसरमा हनुमाढोका दरबारमा मंगलबार आयोजित जात्रा अवलोकन गरेका छन् । उनी नयाँ सडककस्थित जुद्ध सालिकबाट गद्दी बैठकसम्म हिँडेर गएका थिए । गत वर्षदेखि राष्ट्रपति पौडेल जुद्ध सालिकबाट गद्दी बैठकसम्म पैदल जान थालेका हुन् । गद्दी बैठक पुगेर राष्ट्रपति पौडेलले श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथमा दक्षिणा चढाएपछि गणेश, भैरव र कुमारीको रथयात्रा प्रारम्भ भएको थियो ।

इन्द्रजात्रा अवलोकन गर्न उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाल, उपप्रधानमन्त्रीद्वय प्रकाशमान सिंह र विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, संस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्री बद्रीप्रसाद पाण्डेलगायत मन्त्रिपरिषद्का सदस्य, सांसद, प्रदेशसभा सदस्य, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि लगायत समाजका प्रतिष्ठित व्यक्तिहरू सहभागी थिए ।

भाद्र शुक्ल द्वादशीका दिन बिहान हनुमानढोका दरबार क्षेत्रमा इन्द्रध्वजोत्थान गरी सुरु भएको इन्द्रजात्राको मंगलबार मुख्य दिन हो । मंगलबार तल्लोटोलमा रथयात्रा चलाइने गुठी संस्थान धार्मिक शाखाका प्रमुख हरिप्रसाद सुवेदीले जानकारी दिए । बुधबार माथिल्लो टोलमा रथयात्रा गरिने छ । असोज ५ गते शनिबार महिलाले मात्र रथ तानेर नानीचा यात्रा चलाइने छ । सोही दिन अपराह्न राष्ट्रपति पौडेलले कुमारीबाट टीका एवं प्रसाद ग्रहण गर्नेछन् । टीका, प्रसाद ग्रहण गरेपछि राष्ट्राध्यक्षले कुमारीसँग खड्ग साट्ने परम्परा छ ।

असोज ५ गते राति १०:३१ बजे इन्द्रध्वजोपतनपछि इन्द्रजात्रा समापन हुन्छ । इन्द्रजात्रा प्रताप मल्लको शासनकालमा सुरु भएको विश्वास छ । इन्द्रजात्रामा रथयात्राको चलन भने राजा गुणकामदेवले सुरु गरेका थिए । काठमाडौँ उपत्यकामा मनाइनेमध्ये यो सबैभन्दा लामो जात्रा हो । वर्षा र सहकालका देवताका रुपमा पूजिने इन्द्रको मंगलबार पूजार्चना पनि गरिएको थियो । जात्राका अवसरमा लाखे, दशावतार, महाकाली, रामचन्द्र, पुलुकिसी नाचलगायत सांस्कृतिक झाँकी पनि प्रस्तुत भएको थियो ।

# गोँगबु बसपार्कलाई प्रविधिमैत्री बनाइने

काठमाडौँ(जस)-काठमाडौँ महानगरपालिका-२६ गोँगबुस्थित नयाँ बसपार्कलाई प्रविधिमैत्री बनाइने भएको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ र पूर्व यातायात व्यवस्थापन प्रालिले विश्वकर्मा पूजाका अवसरमा मंगलबार नयाँबसपार्कमा आयोजना गरेको कार्यक्रममा यातायात क्षेत्रको सुधारका लागि गोँगबु बसपार्कलाई प्रविधिमैत्री बनाइने व्यवसायीले बताएका हुन् ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले नयाँ बसपार्कलाई दसैँअगाडि प्रविधिमैत्री बनाउने गरी महासङ्घले तयारी गरिरहेको जानकारी दिए । "नयाँ बसपार्क क्षेत्रमा देखिएको विकृति, विसङ्गति अन्त्य गर्न महासङ्घ लाग्नेछ," उनले भने । उनले मुलुकको सार्वजनिक यातायातको क्षेत्रमा रु १० खर्ब बढी लगानी र चार लाखले प्रत्यक्ष रोजगारी पाएको बताउँदै यसको संरक्षणका लागि यातायात व्यवसायी तथा मजदुर एक भएर अगाडि बढ्नुपर्ने बताए ।

उनले महिलालाई सार्वजनिक यातायातको क्षेत्रमा काम गर्ने वातावरण निर्माण गर्न महासङ्घले तालिम तथा गोष्ठी आयोजना गर्ने उल्लेख गरे । बसपार्क सञ्चालन गरेको लोत्से बहुउद्देश्यीय प्रालिका अध्यक्ष दीपक कुँवरले नयाँ बसपार्कलाई नमूना बसपार्कका रुपमा विकास गर्न सबैको साथ र सहयोग आवश्यक रहेको बताए । उनले चाडपर्वमा घर जाने यात्रु सार्वजनिक यातायातको भाडामा ठगिएको जनगुनासो आउने गरेकाले त्यसलाई रोक्न व्यवसायी र मजदुरलाई आग्रह गरे ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला, महासचिव डेकनाथ गौतमले यात्रुमैत्री, व्यवसायमैत्री र मजदुरमैत्री बसपार्क निर्माणमा सबै लाग्नुपर्नेमा जोड दिए । कार्यक्रममा नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठनका अध्यक्ष भीमज्वाला राई, अखिल नेपाल यातायात मजदुर सङ्घका अध्यक्ष दीपक केसी, नेपाल यातायात मजदुर सङ्घका महासचिव जगन्नाथ गौतम, कोषाध्यक्ष मीन पनेरुलगायतले आ-आफ्नो दायित्व पूरा गरेर अगाडि बढेमात्र मुलुकको यातायात क्षेत्र सुधार्न सकिने भनाइ राखे । कार्यक्रममा महिला चालक रेविका थापा र सहचालक निरुता खत्रीलाई सम्मान गरिएको थियो । उनहरुलाई नगद रु पाँच हजारसहित सम्मान गरिएको हो । कार्यक्रममा बोल्दै महिला चालक थापाले सार्वजनिक यातायातको क्षेत्रमा काम गर्दा महिलाहरुले समस्या भोग्नुपरेको बताए ।

# लोकतन्त्रप्रति जनविश्वास बढाउनुपर्नेमा राष्ट्रपतिको जोड

काठमाडौँ(जस)-राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना, मानवअधिकार, विधिको शासन र सामाजिक रूपान्तरणका लागि देशका सामुदायिक रेडियोले निर्वाह गरेको भूमिकाको सराहना गर्दै लोकतन्त्रप्रति जनविश्वास बढाउनुपर्नेमा जोड दिएका छन् ।

सामुदायिक रेडियो प्रसारक सङ्घका नवनिर्वाचित पदाधिकारीलाई शुभकामना दिन राष्ट्रपति भवनमा मंगलबार आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले भूकम्प, कोरोनाजस्ता विषम परिस्थितिमा सामुदायिक रेडियोहरूको भूमिका वन्दनीय रहेको बताए ।

नागरिकलाई सुसूचित गर्न तथा अभिव्यक्ति स्वतन्त्रता प्रवर्द्धनमा सामुदायिक रेडियोको महत्त्वपूर्ण भूमिका रहेको उनले बताए ।

सामाजिक सञ्जालको प्रयोगसँगै तथ्यहीन र भ्रामक सूचनाले चुनौती थपेको वास्तविकता सुनाउँदै राष्ट्रपति पौडेलले जनतालाई सत्य सूचना सम्प्रेषण गरेर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई निर्बाध उपयोग गर्दै लोकतन्त्रप्रति जनताको विश्वास सुदृढ बनाउन सञ्चारकर्मी सधैँ सचेत रहनुपर्छ भने । उनले साक्षर मात्र नभइ सञ्चारका अन्य माध्यममा पहुँच नभएका निरक्षरका लागि सुसूचित हुने सबैभन्दा सरल, सहज र विश्वसनीय सञ्चारमाध्यम रेडियो भएकाले जनताप्रति रेडियोकर्मीको भूमिका अझ महत्वपूर्ण हुने बताए ।


## Nepal Oil Corporation Limited

### Aviation Fuel Station

Sinamangal, Kathmandu, Nepal
Tel: +977-1-4111066, Email: yadavpradip175@gmail.com

## Invitation for Sealed Quotations

Date of Notice publication: **18 September 2024**

1. The **Nepal Oil Corporation Limited (NOC), Aviation Fuel Station (AFS),** Sinamangal invites **Sealed Quotations** for the following Works under **Sealed Quotation (SQ)** procedures as specified in the prevailing Public Procurement Act and Public Procurement Regulations of Nepal. The SQs are open to all eligible National Bidders.

| Contract ID No. | Name of Tasks | Estimated Cost Exclusive of VAT | Minimum Bid Security Amount |
|---|---|---|---|
| NOC/AFS/SQ/W/2081/82-01 | Complete Works for Installation of filter water separator system and allied works at Dhangadhi AFS, Kailali | NRs. 1,211,365.00 | NRs. 30,000.00 |
| NOC/AFS/SQ/W/2081/82-02 | Complete Works for Installation of filter water separator system and allied works at Nepalgunj AFS, Banke | NRs. 1,123,675.00 | NRs. 28,000.00 |
| NOC/AFS/SQ/W/2081/82-03 | Complete Works for Installation of filter water separator system and allied works at Biratnagar AFS, Morang | NRs. 1,217,110.00 | NRs. 30,000.00 |

Interested Bidders may obtain further information and inspect the SQ Documents in English at the office of NOC/AFS, Sinamangal, Kathmandu.

2. Complete set of Bidding Documents (SQ) in English may be purchased from the office of NOC/AFS, Sinamangal, Kathmandu during office hours on all working days by eligible bidders from **18 September 2024** onwards on the submission of a Written Application, copies of Firm/Institution Registration & PAN/VAT Registration certificates and upon payment of a non-refundable fee of **NRs. 1,000.00** for each task. The Bidding Document shall be available for sale up to office hours till **6 October 2024.**

3. Interested Bidders are required to submit the SQ to the office of NOC/AFS on or before **1:00 P.M. on 7 October 2024.**

4. Submitted SQs will be opened in the presence of Bidders' representatives who choose to attend at **1:30 P.M. on 7 October 2024** onwards, 15-minute intervals for each task respectively, at the office of NOC/AFS, Sinamangal, Kathmandu, Nepal.

5. Sealed Quotation must be valid for a period of 45 days counting from the date of SQ opening and must be accompanied by SQ/Bid security, as mentioned in the table above, which shall be valid for a minimum of 30 days beyond the quotation validity period (i.e., Valid up to minimum 20 December 2024).

6. If the Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in **NOC/AFS's Current Account Number: 1690100000047001, Rastriya Banijya Bank Ltd., Tribhuwan Antarastriya Bimansthal, Gauchar, Kathmandu Branch** and original voucher/receipt of the deposited amount must be submitted along with the Sealed Quotation.

7. Other details are available in the SQ Documents.


# साझा प्रकाशनमा १५ दिने विशेष पुस्तक प्रदर्शनी



ललितपुर(जस)-"कालजयी कृति, पाठकका निम्ति" भन्ने नाराका साथ साझा प्रकाशनमा विशेष पुस्तक प्रदर्शनी सुरु भएको छ । साझा प्रकाशनका पूर्वमहाप्रबन्धक तथा प्रमुख सल्लाहकार डा तुलसी भट्टराईले मंगलबार केन्द्रीय कार्यालय पुलचोकमा प्रदर्शनीको उद्घाटन गरे । प्रदर्शनीको उद्घाटन पश्चात् डा भट्टराईले पढ्ने संस्कृति हराउँदै गएको वर्तमानयुगमा पुस्तक प्रदर्शनीले ठूलो योगदान पुऱ्याउने बताए ।


"विद्यालय, महाविद्यालय, क्याम्पसले विद्यार्थीलाई यस्ता प्रदर्शनीमा सहभागी गराउन सके राम्रो हुन्छ, यसले पुस्तकको सार्थकता वृद्धि हुनुका साथै लेखकलाई परिचित गराउन मद्दत पुऱ्याउँछ", उनले भने । उनले पठन संस्कृतिको विकास हुनु भनेको शिक्षाको विकास हुनु भएको बताए । शिक्षा र संस्कृतिमा मुलुक समृद्ध नभएसम्म आर्थिक समृद्धिले मात्रै पर्याप्त हुन नसक्ने उनको धारणा थियो । साहित्यकार डा माया ठकुरीले साहित्यकारका लागि पुस्तक प्रदर्शनी हुनु ठूलो उपलब्धि भएको बताइन । डिजिटल युगमा पुस्तक प्रदर्शनी हुनु सकारात्मक पाटो भएकाले पुस्तकको माध्यमबाट साहित्यकारको पहिचान स्थापित हुने उनको भनाइ थियो ।साझा प्रकाशनका अध्यक्ष डा विजय सुब्बाले लामो समयसम्म बजारका पसलमा आँखा नपरेका पुस्तक पनि प्रदर्शनीमा रहेको जानकारी दिए । उनले यो प्रदर्शनी पाठक र साहित्यकारलाई नजिक बनाउने माध्यम भएको बताए ।

आर्थिक समस्याको चपेटामा रहेको साझा प्रकाशनलाई प्रदर्शनीले केही मात्रामा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । पठन संस्कृति विकासका लागि मंगलबार देखि सुरु प्रदर्शनी १५ गतेसम्म सञ्चालन हुने साझा प्रकाशनका प्रशासकीय सहायक सुशील अधिकारीले जानकारी गराए । साझाको केन्द्रीय कार्यालय पुल्चोक र देशभरका बिक्री कक्षमार्फत २० देखि ८० प्रतिशतसम्म छुटका साथ पुस्तक बिक्री गरिने उनको भनाइ छ । प्रदर्शनीमा साझा प्रकाशनका दुई हजार दुई सय र अन्य प्रकाशनका गरी करिब पाँच हजार पुस्तक प्रदर्शनीमा राखिएको छ । साझा प्रकाशन नेपालको पुरानो प्रकाशन गृह हो । यस संस्थामा नेपाल सरकारको ६० प्रतिशत र बाँकी ४०% शेयर साहित्यकार, पत्रकार, शिक्षासेवीसहित सर्वसाधारणको छ ।

# उपसभामुख राना रूसी महासंघ प्रस्थान

काठमाडौँ(जस)-उपसभामुख इन्दिरा राना यही असोज २ देखि ४ गतेसम्म रूसको सेन्टपिटर्सवर्गमा हुने 'चौँथो युरेसियन महिला फोरम'मा सहभागी हुने सिलसिलामा मंगलबार संयुक्त अरब इमिरेसको दुवईतर्फ प्रस्थान गरेकी छन् । त्यहाँबाट राजधानी मस्को हुँदै सेन्टपिटर्सवर्ग पुग्नेछिन । रुसी महासङ्घ र इन्टरपार्लियामेन्ट्री एसेम्बली अफ द कमनवेल्थ अफ इनिडपेन्डेन्ट स्टेट्सले आयोजना गरेको फोरमलाई उनले असोज ३ गते सम्बोधन गर्ने कार्यक्रम रहेको उपसभामुखको निजी सचिवालयले जनाएको छ । उनी असोज ५ गते स्वदेश फर्कने कार्यक्रम छ ।

# अन्तरराष्ट्रिय जगत्मा नेपाल चिनाउने पुस्तक 'ट्विलाइट क्रोनिकल्स' बजारमा




काठमाडौँ(जस)-नेपालका लागि रोमानिका गैरआवासीय राजदूत डानिएला सेजोनोभ तानेको पुस्तक 'ट्विलाइट क्रोनिकल्स' बजारमा आएको छ । वागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले विमोचन गरेसँगै पुस्तक नेपाली बजारमा आएको हो । सोमबार यहाँ आयोजित कार्यक्रममा प्रदेश प्रमुख देवकोटाले नेपालका कुनाकन्दरा घुमेर यहाँको सौन्दर्य वर्णन गरेकामा लेखिकाप्रति आभार व्यक्त गर्दै उक्त पुस्तक पढेर युरोपेलीमात्र नभइ अन्य देशका अङ्ग्रेजीभाषी पर्यटक नेपाल भ्रमणमा आउने विश्वास व्यक्त गरे ।

राजदूत तानेले नेपाल र नेपालीबाट आफू प्रभावित भएको बताउँदै यहाँको प्राकृतिक छटालाई शब्दमा वर्णन गर्न सकिन्न भनिन । फरक प्रसङ्गमा उनले नेपालीका निम्ति रोमानिया रोजगारीको आकर्षक गन्तव्य बनेको बताउँदै हाल उक्त मुलुकमा २० हजारभन्दा बढी नेपालीले काम गरिरहेका जानकारी दिइन ।

यहाँस्थित रोमानियका अवैतनिक वाणिज्यदूत नारायण बजाजले नेपाल र नेपालीलाई पुस्तकका माध्यमबाट चिनाउन राजदूत तानेले सराहनीय काम गरेको बताए । नयाँदिल्लीमा रहेर नेपाल र श्रीलङ्काको सहप्रमाणिकरणको समेत जिम्मेवारीमा रहनुभएकी राजदूत सेजोनोभले रोमानियाको कूटनीतिक सेवा प्रारम्भ गर्नुअघि अन्तरराष्ट्रिय रेडक्रसमा आबद्ध भएका बेला नेपालमा सेवा गरेकी थिइन ।

## सम्पादकीय

# सहकारी ठगमाथि कारवाही होस

लाखौं सर्वसाधारण नेपालीमाथि भएको अर्बौं रुपैयाँको सहकारीहरुमार्फत भएको ठगीमा संलग्नहरुमाथि कारवाही र वचत फिर्ताको मुद्दा अहिले सबैको चासोको विषय हो। यसै सन्दर्भमा सहकारी ठगीका विषयमा छानबिनका लागि बनेको संसदीय समितिले प्रतिवेदन टुंगो लगाएको छ। प्रतिवेदनमा देशभरका ४० सहकारीबाट ८७ अर्ब रूपैयाँ अपचलन भएको निष्कर्ष निकालिएको एक सदस्यले जानकारी दिएका छन्। समितिले साढे तीन महिना लगाएर अध्ययन–अनुसन्धान गरेको हो। प्रतिवेदनमा समितिका सबै सदस्यले हस्ताक्षर गरेका छन्। प्रतिवेदनमा १८ वटा परिच्छेदहरु रहेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने संलग्न रहेको गोर्खा मिडियामा सहकारीबाट आएको रकमबारे पनि विस्तृत अध्ययन समितिले गरेको छ। सहकारीबाट गोर्खा मिडियामा ६७ करोड रूपैयाँ भित्रिएको थियो। उक्त रकम भित्र्याउन जीवी राईलाई एकल जिम्मेवार ठह¥याइएको छ। सोमबार प्रतिनिधिसभाको बैठकमा समितिका संयोजक सूर्य थापाले समितिको अन्तिम प्रतिवेदन पेस गर्दै सहकारी क्षेत्र पूरै नक्कली (फेक) आधारमा चलिरहेको छानविनको निष्कर्ष सुनाएका थिए। शेयरदेखि बचतसम्म, सञ्चालकका सम्बन्धदेखि ऋणीसम्म 'नक्कली' रहेको प्रतिवेदनमा छ। 'सहकारी क्षेत्रमा अंशवण्डा फेक छन्, विवाह फेक छन्, सम्बन्धविच्छेद फेक छन्, पुनः विवाह फरक छन्', प्रतिवेदन बुझाउँदै थापाले भने, 'साधारणसभा फेक छन्, सबैभन्दा डरलाग्दो कुरा ऋणी र लेखापरीक्षण प्रतिवेदन समेत फेक छन्।' यसले नेपालको सहकारी क्षेत्रमा कुन हदसम्मको ठगी भएको छ भन्ने स्पष्ट बुझ्न सकिन्छ।

समितिले तथ्यको माध्यमबाट सत्य खोज्ने प्रयास गरिएको बताएको छ। समितिले ५६ वटा बैठक गरेको र विभिन्न क्षेत्रका चार सय ५१ जना व्यक्तिसँग जानकारी र सुझावमूलक अन्तरक्रिया पनि गरेको जानकारी गराएको छ। समितिले १४ वटा बैठकमा सहकारी बचत रकमको अपचलन र दुरूपयोगमा आरोपित ४७ जना सहकारी संचालकहरू, गोर्खा मिडिया प्रालिका सञ्चालक तथा कर्मचारीसमेत तीन जनासहित ५५ जनासँग सोधपुछ समेत गरिएको उल्लेख छ। समितिले कार्यादेशमा उल्लेखित सहकारी संस्थासहित ४० वटा संस्थाहरूको वित्तीय विश्लेषण गरेको बताइएको छ। समितिले विभिन्न सहकारी संस्थाका सञ्चालकमाथि कानुन बमोजिम कारबाहीका लागि सिफारिस गरेको छ। जसअनुसार सहकारी कानुन विपरीत गोरखा मिडिया नेटवर्क प्रालिमा रकम प्रवाह गर्ने सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सञ्चालकमाथि कारबाहीको सिफारिस गरिएको छ। यस्तै, बुटवलस्थित सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि, काठमाडौँस्थित स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र वीरगञ्जका सानोपाइला बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सञ्चालक एवं निर्णयप्रक्रियामा संलग्न सबैलाई कानुन बमोजिम कार बाहीका लागि सम्बन्धित निकायमा पठाउन समितिले नेपाल सरकार लाई सिफारिस गरिएको छ। यसैगरी कम्पनीमा रकम पठाएको देखिएका इमेज बचत तथा ऋण सहकारी संस्था लिमिटेड, समानता बचत तथा ऋण सहकारी, सुमेरू बचत तथा ऋण सहकारी लिमिटेड, आइएमई कोअपरेटिभ्समाथि पनि कानुन बमोजिम कारबाहीको सिफारिस गरिएको छ।

समितिले कानुन विपरीतको कार्य गरेका सहकारी संस्थाका सञ्चालक एवं निर्णय प्रक्रियामा संलग्न सबैलाई कानुन बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा पठाउन नेपाल सरकारलाई सिफारिस गरेको हो। यस्तै समितिले सहकारीमा राख्न सकिने बचत र लिन सकिने कर्जाको अधिकतम सीमा निर्धारण गर्न सिफारिस गरेको छ। प्रतिवेदनको परिच्छेद–१८ को सुझाव तथा सिफारिस खण्डमा सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालय र नेपाल राष्ट्र बैंक्तसँग प्रत्यक्ष समन्वयमा रही काम गर्ने गरी स्वायत्त संस्थाका रुपमा सहकारी प्राधिकरण स्थापना गर्न सिफारिस गरिएको छ। यस्तै प्राधिकरण गठन नभएसम्म नेपाल राष्ट्र बैंक्त र सहकारी विभागको संयुक्त अनुगमन टोलीले ठुलो वित्तीय कारोबार गर्ने सहकारीलाई प्राथमिकतामा राखी सहकारीको अनुगमनलाई नियमितता दिनुपर्ने पनि प्रतिवेदनमा उल्लेख छ। यसैगरी प्राधिकरण तीन महिनाभित्र गठन गर्न पनि सुझाव दिइएको छ। यसैगरी समितिले समस्यामा रहेका सहकारी संस्थाका सञ्चालकको सम्पत्तिदेखि विदेश यात्रासम्ममा रोक लगाउन पनि सिफारिस गरेको छ। सहकारीको स्वनियमको मान्यतामा पुनर्विचार गरी नियमनतर्फ जानु आवश्यक देखिएको सुझाव प्रतिवेदनमा छ। यस्तोमा सरकारले समितिको प्रतिवेदन पूर्णरुपमा कार्यान्वयन गरेर सहकारी ठगहरुमाथि तुरुरन्त कारवाही थाल्नुपर्छ र वचतकर्ताको रकम तुरुन्त फिर्ताका लागि का गर्नुपर्छ। ध्यान पुगोस।

## स्वास्थ्य जानकारी

### फर्सीको जुस पिउँदा शरीरलाई हुन्छ धेरै फाइदा

फर्सी तपाईंलाई पनि मन पर्छ होला। यो स्वादमा हल्का गुलियो हुन्छ। यो स्वादमा मीठो हुन्छ साथै पोषक तत्त्वहरूबाट पनि भरिपूर्ण हुन्छ। यसलाई तपाईं तरकारीको रूपमा मात्र नभई जुस बनाएर पनि सेवन गर्न सक्नुहुन्छ। यसलाई बनाउने तरिकाबारे जानौं।

**फर्सीको जुस बनाउने तरिका**

यसलाई बनाउनका लागि २ कप फर्सी (काटिएको), काटिएको पुदिनाको पात (आवश्यकताअनुसार), स्वादअनुसार बिरेनुन (वैकल्पिक), १/३ चम्चा कालो मरीच पाउडर, १ कागतीको रस र आवश्यकताअनुसार पानी चाहिन्छ। सबैभन्दा पहिले फर्सीलाई राम्रोसँग धोएर काट्नुहोस्। अब काटिएको फर्सीका टुक्राहरू र पुदिनाको पातहरू मिक्स्चरमा राखेर पिस्नुहोस्।

अब यसमा बिरेनुन, कालो मरीच र आवश्यकताअनुसार पानी राखेर मिलाउनुहोस्। अन्त्यमा कागतीको रस मिसाएर पिउनुहोस्। यसलाई पिउँदा शरीर हाइड्रेट र चिसो रहन्छ। तपाईंको तौल नियन्त्रणमा हुन्छ र पाचन शक्ति बलियो रहन्छ। ब्लड प्रेसरका र मुटुको स्वास्थ्यको लागि पनि फर्सीको जुस फाइदाजनक हुन्छ। उसका साथै फर्सीको जुसले तपाईंको ऊर्जा स्तरलाई बूस्ट गर्छ।

## सन्दर्भः नवौं संविधान दिवस

# संविधान पुनरावलोकन सम्पूर्ण कोणबाट आवश्यक छ

–नारायण न्यौपाने

**सरकार परिवर्तनका मुद्दा लिएर राजनीतिक दलहरू धेरै पटक न्यायालय धाउन पुगे। त्यहाँबाट जेजस्तो निर्णय आयो, त्यसलाई मानेर अघि बढिरहेको अवस्था छ। न्यायालयको आदेशपछि उठेका विषयमा अब सुधार गरिनुपर्छ। मुलुका विभिन्न वर्ग र समुदायको भावना र माग सम्बोधन गर्न पनि संविधान सुधारको खाँचो छ।**

संविधानविद् एवं वरिष्ठ अधिवक्ताहरूले वर्तमान संविधानको अभ्यास करिब १० वर्ष भएकाले सम्पूर्ण कोणबाट अब पुनरवलोकन नितान्त आवश्यक रहेको बताएका छन्। संविधान दिवस-२०८१ का उपलक्ष्यमा राष्ट्रिय समाचार समितिका प्रतिनिधिसँग कुरा गर्दै उनीहरूले संविधान दीर्घजीवी तुल्याउन निश्चित अवधिमा समीक्षा र पुनरवलोकन गर्ने पर्नेमा जोड दिए। संविधानलाई समयसापेक्ष तुल्याउन अव्यावहारिक प्रावधान परिवर्तन गरिनुपर्ने औँल्याउँदै उनहरूले जुन संविधान सजिलोसँग संशोधन गर्न सकिन्छ त्यो नै स्थायी हुन्छ भने। वर्तमान संविधानलाई संशोधनमार्फत नै परिपक्व बनाउनुपर्ने सुझाव दिँदै संविधानविद्हरूले संशोधनका लागि राजनीतिक दलहरूले दिएका परामर्शलाई सरकारले ग्रहण गरी मूर्तरुप दिनुपर्ने सुझाव दिए।

**गोपालकृष्ण घिमिरे, अध्यक्ष, नेपाल बार एसोसिएसन**

नेपालको वर्तमान संविधान जारी भएको नौ वर्ष भयो। संविधान गतिशील दस्तावेज भएकाले सोहीअनुरूप यो संशोधन र परिमार्जन हुनुपर्छ। सामाजिक अभियानकर्मीको साझा संस्था नेपाल बारले न्यायपालिकाको सन्दर्भ जोडेर राष्ट्रिय सम्मेलनबाट संविधान संशोधनको प्रस्तावलाई पारित गरिसकेको छ। त्यसमा न्यायालय र न्याय परिषद्को पुनःसंरचना, थप शक्तिशाली र अधिकारसम्पन्न उच्च अदालत, बेग्लै संवैधानिक इजलास तथा सर्वोच्च अदालतमा एउटै न्यायाधीश लामो समयसम्म रहने व्यवस्थाको अन्त्यलगायत आठ संशोधनको विषय उठाइएको छ। व्यवस्थापिकातर्फ पनि नियमित संसद् सञ्चालन र कानुन निर्माणलाई तीव्रता दिनुपर्नेमा त्यस्तो नभएको अवस्था छ।

संसद्को मुख्य जिम्मेवारी र कर्तव्य भनेकै संविधानअनुरूप समयमै कानुन निर्माण हो। एउटा अधिवेशनभित्र दर्जनौं कानुन निर्माण गर्नुपर्नेमा वर्ष दिनभित्र एउटा मात्र कानुन बनेको सुनिन्छ। अर्कातर्फ आर्थिक विकास र अन्य कुरालाई संविधानसँग जोडेर हेरिनु युक्तिसङ्गत हुँदैन। संविधान निर्माणपछि तत्तत् क्षेत्रमा गर्नुपर्ने काम भए भएनन्, हेरिनुपर्छ, मूल्याङ्कन हुनुपर्छ। त्यसैले निश्चित अवधिपछि संविधानलाई जनताको आवश्यकतानुसार पुनरवलोकन गरिनुपर्छ भन्ने हाम्रो धारणा हो। त्यसका लागि हामीले सरकार, संसद् र न्यायपालिकालाई सहयोग र सुझाव दिँदैआएका छौं। जनमानसमा न्याय खर्चिलो भयो भन्ने पनि सुनिएको छ। अर्कातर्फ फैसला चित्त नबुझेमा माथिल्लामा पुनरावेदनका लागि बिगो र जरिवाना नतिरेसम्म जान नपाइने व्यवस्थाले नागरिकको पुनरावेदन अधिकार प्रयोग गर्न पाउनुपर्ने अधिकारमा प्रश्न उठेको छ। यसको बढी मारमा उद्योगी-व्यवसायी परेका छन्।

राज्यले उनीहरूलाई नियमन गर्नुपर्छ, निषेध होइन। देशलाई समृद्ध बनाउन उनीहरुलाई संरक्षण गर्नुपर्छ। नेपाल बारले असहायका लागि बहस पैरवीको सेवा उपलब्ध गराउँदै आएको छ। यस पवित्र कार्यमा एक हजार तिन सय कानुन व्यवसायी समेटिएका छन्। अदालतका फैसला कार्यान्वयन पनि चुस्तदुरुस्त हुनुपर्छ। कार्यापालिकाले फैसला कार्यान्वयनमा उचित समन्वय र सहयोग हुनुपर्छ। पीडितलाई न्याय पाएको अनुभूति हुनुपर्छ। कानुन कार्यान्वयन गर्ने सिलसिलामा सबै आ-आफ्ना ठाउँमा उभिनुपर्छ। मुलुकमा रहेका तिन तहका सरकारबिचमा सहयोग र समन्वय हुनुपर्छ। एकै खालका कानुन निर्माण गर्नुपर्छ। करका दरमा समेत स्थानीय तह र प्रदेशमा फरक परेको देखिन्छ, त्यसो भएमा जनतालाई ठुलो मर्का पर्छ। स्थानीय तहमा पालिका उपप्रमुखको नेतृत्वमा न्यायिक अधिकार प्रदान गर्ने संयन्त्र छ। पालिकामा हुने सामान्य झैझगडा र ससाना विवादको मेलमिलाप त्यहीँ हुन्छ, माथि जानु नपर्ने अवस्था छ। न्यायिक निरुपणमा राजनीतिक रङ वा गन्ध देखिएमा न्याय प्रभावित हुने र मर्ने सम्भावना रहन्छ। सामान्य विवाद मिलाउनेबाहेक फैसला गर्नुपर्ने भएमा न्याय अधिकारीबाटै हुनुपर्छ भन्ने मान्यता छ। यसमा सबै स्पष्ट र सचेत हुनुपर्छ।

सात प्रदेशसहित मुलुकका १८ उच्च अदालतलाई अभिलेख अदालतका रूपमा विकास गर्नुपर्छ र केही मुद्दाको अन्तिम फैसला गर्ने अधिकार दिइनुपर्छ। सर्वोच्च अदालतमा रहिआएको मुद्दाको चाप घटाउन यसले सहयोग पुऱ्याउँछ। सर्वोच्च अदालतप्रति सम्मान बढाउने कार्यमा जोडबल हुनुपर्छ। अहिले सर्वोच्च अदालतमा १० वर्ष अवधि कटेका मुद्दा छैनन्। सक्षम जनशक्ति तयार गरी कार्यान्वयन तहलाई प्रभावकारी तुल्याउन सकिएमा परिणाम राम्रो निकाल्न सकिन्छ। अदालतमा गोलाप्रथाद्वारा मुद्दा हेर्ने परिपाटी विकास भएको छ। यसले न्यायालयप्रति उठेका टीकाटिप्पणी अन्त्य गरेको छ। न्यायाधीशको प्रत्येक वर्ष सम्पत्तिको मूल्याङ्कन गरिने चलन पनि अघि बढाइनुपर्छ। संवैधानिक अदालतमा प्रधानन्यायाधीश रहनुहुन्न भन्ने नेपाल बारको भनाइ छ। न्याय परिषद्को भूमिका र न्यायाधीश नियुक्तिलाई व्यवस्थित गरिनुपर्छ। निर्वाचन प्रणालीलाई सुधार गरी संसद्लाई प्रभावकारी बनाउनुपर्छ। निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र मितव्ययी बनाउन जनस्तरबाट उठेका प्रश्न संविधान सशोधनका बेला ख्याल गरिनुपर्छ। विधायक कानुन निर्माण र संशोधनसँग जोडिएको पद हो। उसको मुख्य जिम्मेवारी संसद्लाई निरन्तर चलाउनु हो।

**लक्ष्मणलाल कर्ण, पूर्वमन्त्री एवं संविधानविद्**

जुन बेला संविधान निर्माण भइरहेको थियो, त्यस बेला सरकार छिटो फेरबदल हुने क्रम चलिरहेको थियो। पाँचबर्से कार्यकालमा सरकार पूरा चल्नुहुन्न भन्नेमा दलहरूबिच एक किसिमको सहमति बन्यो। जो सरकारमा जान्छ, पूरा अवधि चलाओस्, अवरोध नहोस् भन्ने मनसायका साथ कम्तीमा दुई वर्ष प्रधानमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव ल्याउन नपाउने व्यवस्था गरियो। तथापि दलहरू त्यो भावनानुरूप चल्न सकेनन्। मुलुकमा हाल सुधारिएको संसदीय व्यवस्था अभ्यासमा छ। यस व्यवस्थामा प्रधानमन्त्रीलाई संसद् भङ्ग गर्ने र अविश्वासको प्रस्ताव राख्न पाउने अधिकार भए पनि राजनीतिक स्थायित्व प्राप्त गरी मुलुकलाई समृद्धितर्फ लैजान सकियोस् भन्ने ध्येयले दुई वर्ष अविश्वासको प्रस्ताव ल्याउन नपाइने गरी प्रतिबन्ध लगाइएको थियो।

वर्तमान संविधानमा धेरै मौलिक अधिकार कल्पना गरिएको छ। यति अधिकारसहित मौलिक हकको व्यवस्था विश्वका संविधानमा कमै पाइन्छ। मजदुरलाई हड्ताल गर्न पाउनेसम्मका अधिकारको व्यवस्था संविधानमै दिइएको छ। देशको विविधतालाई सम्बोधन गर्न सकियोस् भनी समानुपातिक -समावेशिताको व्यवस्था गरिएको छ। त्यस्तै ३३ प्रतिशत महिलाको उपस्थिति राज्यका सबै तह र तप्कामा हुने व्यवस्था छ। अहिले तिन तहमै महिलाको प्रशस्त उपस्थिति छ। विश्वका विकसित मुलुकमा पनि अहिलेसम्म यस्तो पाइँदैन। उनीहरू यस्तो प्रावधान पुऱ्याउने कोसिसमा छन्। संविधानमा यस्ता व्यवस्था समावेश गरिए पनि केही कमजोरी भने हुन गयो। जनान्दोलनका बलमा स्थापित अन्तरिम सरकारले ल्याएको संविधानले स्वामित्व ग्रहण गरिसकेको आदिवासी, जनजाति, मधेसी, दलित र मुसलमानको विशेष अधिकार समावेश हुन सकेन।

देश सङ्घीयतामा गयो तर प्रदेशको अधिकार खुम्चाइयो। संविधानले कल्पना गरेअनुरूप अधिकार बाँडफाँट भएन, केन्द्रमै राखियो। संविधानको मर्म र भावनाअनुरूप निजामती र प्रहरी कानुन छिटो बनाएर त्यससम्बन्धमा प्रदेशलाई जिम्मा दिन अलमल गरियो। त्यसमा अहिले पनि बराबर विवाद चलिरहेको छ। जन्मसिद्ध नागरिकका छोराछोरीहरूलाई नागरिकता प्रमाणपत्र दिन भर्खर नयाँ व्यवस्था भएको छ। यसले केही हदसम्म समस्या समाधान भए पनि विवाहित विदेशी महिलासँग जोडिएको विषय बाँकी नै छ।

संविधानसभाबाट संविधान बनाइसकेपछि दीर्घजीवी तुल्याउन निश्चित अवधिपछि पुनरवलोकन गरिनुपर्छ। समयानुसार संविधानका अव्यावहारिक प्रावधान परिवर्तन गरिनुपर्छ। मुलुकमा एकै किसिमको अवस्था सधैं रहन्न।

जुन संविधान सजिलोसँग संशोधन गर्न सकिन्छ, त्यो मात्रै स्थायी हुन्छ। भारतीय र अमेरिकी संविधान हेरियो भने प्रशस्त संशोधन भएको छ। यसअघिका हाम्रा संविधान संसारकै सर्वोत्कृष्ट भनिए पनि संशोधन नगरिएकाले टिक्न सकेन र अन्त्य भयो। वर्तमान संविधानलाई संशोधनमार्फत परिपक्व बनाउनुपर्छ। हालको सरकार त्यही पृष्ठभूमिमा बनेको छ। संसद्मा उपस्थित सङ्ख्याका आधारमा पनि संविधान संशोधन गर्न सरकारलाई सहज छ। हुन त संशोधनमा सबैको स्वामित्व चाहिन्छ नै, तापनि दुईतिहाइ बहुमत नजिक रहेकाले वर्तमान सरकारले गर्न सक्छ।

केही दिनअघि संविधान संशोधनका विषयमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालले छलफल सुरुआत गरेको छ, संशोधन समिति पनि बनाएको छ। तर कुन के विषय, कुन तरिकाबाट र कसरी भन्नेबारे बाहिर आएको छैन। अब छलफल गरिँदै जानुपर्छ। लोकतान्त्रिक समाजवादी पार्टीले संशोधनको कुरा उठाएर अग्रसरता देखाएपछि अन्य पार्टीले स्वीकार्नु राम्रो पक्ष हो। सरकारले यसलाई ग्रहण गर्दै मूर्त रूप दिनुपर्छ। नौ वर्षका अभ्यासमा देखिएका अव्यावहारिक पक्षलाई हटाउनुपर्छ। यसबीचमा सरकार परिवर्तनका मुद्दा लिएर राजनीतिक दलहरू धेरै पटक न्यायालय धाउन पुगे। त्यहाँबाट जेजस्तो निर्णय आयो, त्यसलाई मानेर अघि बढिरहेको अवस्था छ। न्यायालयको आदेशपछि उठेका विषयमा अब सुधार गरिनुपर्छ। मुलुका विभिन्न वर्ग र समुदायको भावना र माग सम्बोधन गर्न पनि संविधान सुधारको खाँचो छ।

अर्कातर्फ संविधानमा रहेका केही नमिल्दा र अप्ठेरा कुरा हटाउन सुधार गरेर जानुपर्छ। सम्पूर्ण कोणबाट हेर्दा वर्तमान संविधानको अभ्यास करिब १० वर्ष भयो। अब पुनरवलोकन नितान्त आवश्यक छ। सरकारले महसुस गरी व्यावहारिक रूप दिनुपर्छ। लोसपाले अहिले कहाँ संशोधन आवश्यक छ भनी मत बनाइसकेको छैन। पार्टीले मेरा संयोजकत्वमा तीन सदस्यीय समिति बनाएको छ। तथापि नागरिकताका बाँकी थोरै विषयको समाधान र प्रदेशलाई अधिकारसम्पन्न गराउने तथा उपराष्ट्रपतिलाई राष्ट्रियसभा अध्यक्ष बनाउने विषय साझा हुनसक्छ। सङ्घमा जस्तै प्रदेश मन्त्रिपरिषद्मा सङ्ख्या किटानी गर्ने र सानो बनाउनेतर्फ पनि अब विचार गरिनुपर्छ। सर्वोच्च अदालतमा लागेको मुद्दाको चाङलाई ख्याल गरी त्यहाँ न्यायाधीशको सङ्ख्या बढाउने, संवैधानिक मुद्दा नियमित हेर्ने बेग्लै इजलास राख्ने र उच्च अदालतलाई थप अधिकार उपलब्ध गराउनेमा पनि अब ख्याल गरिनुपर्छ।

# संविधान संशोधनमा महिलाका मुद्दा

– डा डिला संग्रौला

**समावेशिताको मुद्दा एकातिर जोडतोडले उठिरहेको भएपनि यसले अस्थिरता निम्ताउने खतरा पनि देखिने भएकाले यसका लागि मध्यम बाटो अवलम्बन नगरी सुख छैन। विशेषगरी महिलाहरुले अवसर र अधिकार नपाएको गुनासो गरिरहेका छन्। विभिन्न निकाय, जात, समुदाय, क्षेत्र वा भूगोलका महिलाले समान अधिकार पाउनुपर्ने आवाजलाई सम्बोधन गर्नुपर्छ।**

नेपालमा यतिबेला संविधान संशोधनको औचित्य र सान्दर्भिकताबारे बहस भइरहेको छ। संविधानसभाले निर्माण गरेको नेपालको नयाँ संविधान जारी भएको आठ वर्ष पूरा भइसकेकाले संशोधनको बहस हुनु अस्वभाविक होइन। सामान्यतया संविधान जारी भएको १० वर्षभित्र संशोधन गर्ने परम्परा छ। ठूला दुई राजनीतिक दल नेपाली कांग्रेस र नेकपा एमालेबीचको समीकरण पनि संशोधनकै लागि भएको दावा गरिएको छ। संविधानको धारा २७४ मा नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी संविधान संशोधन गर्न नसकिने तर अन्य विषयमा प्रक्रिया पुऱ्याएर संशोधन गर्न सकिने उल्लेख भएकाले संशोधनमा प्रशस्त गृहकार्य गर्नुपर्ने स्पष्ट छ।

संशोधनका विषयमा विभिन्न निकायहरुले उठारहेको मुद्दामा अध्ययन पनि जरुरी छ। दलहरुले संविधान पुनरावलोकन कि संशोधन भन्ने विषयमा अझै स्पष्ट गरिसकेका छैनन्। यसका लागि हालसम्म सामान्य गृहकार्य पनि प्रारम्भ भएको छैन। त्यसैले के के विषयमा संशोधन आवश्यक छ भन्ने विषयमा सत्ता साझेदर दलहरुले तत्काल गृहकार्य थाल्नुपर्छ। पहिलोपटक २००४ सालमा राणा प्रधानमन्त्री पद्मशमशेर जबराले 'नेपाल सरकारको वैधानिक कानुन २००४' भनेर राज्यको वैधानिक कानुन जारी गरेको लगभग ७६ वर्ष नाघेको छ।

यो अवधिमा सातवटा संविधानले देशको मूल कानुनको रुपमा मान्यता पाएपनि देशले संवैधानिक स्थायित्व पाउन सकेको छैन्। २०६४ र २०७० सालमा भएको संविधानसभाको चुनावले २०७२ असोज ३ गते वर्तमान 'नेपालको संविधान २०७२' जारी भएर कार्यान्वयनमा आए पनि यसमा प्रशस्त त्रुटीहरु देखिएका छन्। संविधानका धाराहरूको अस्पष्टताका कारण पटक पटक समस्याहरु निम्तिरहेको छ। राजनीतिक दलहरुले संशोधनका साझा मुद्दामा सहमति जनाए संविधान संशोधन असहज विषय होइन। यद्यपि संवेदनशील विषय भने अवश्य हो तर असम्भव भने छैन। नेपाली कांग्रेस- नेकपा (एमाले) दुई दलबीच भएको ७ बुँदे सहमतिमा संविधान संशोधनको विषयले प्रवेश पाइसकेको छ। नेपालीका कतिपय असन्तुष्टि र अपेक्षालाई संविधान संशोधनमार्फत सम्बोधन गर्ने अवसर मुख्य दुई दलले पाएका छन्। त्यसैले दुई दलले अवसरको सदुपयोग गरेर ०८४ को निर्वाचनमा जनताबाट पुनः अनुमोदित हुने सौभाग्य गुमाउन हुँदैन। ऐतिहासिक अवसरको उपयोग गर्न ढिला गर्न हुँदैन।

संविधान संशोधनको विषय उठिरहेका बेला नेपाली समाजमा उत्पिडनमा परेका वर्गहरुले आफ्ना अधिकार र अवसरको सुनिश्चितता खोजिरहेका छन्। संविधानप्रति असन्तुष्ट कतिपय राजनीतिक दलले पछाडि पारिएका वर्ग, समुदायको अधिकार सुनिश्चित गर्न संविधान संशोधन आवश्यक रहेको औंल्याइरहेका बेला महिलाहरुको मुद्दालाई पनि प्राथमिकतामा राख्नु जरुरी छ। संविधानमा व्यवस्था भएको शासकीय स्वरूप, निर्वाचन प्रणाली, संविधानले व्यवस्था गरेका राज्य संयन्त्रहरूको खर्चिलो र भडकिलो शैलीप्रति धेरै नागरिकले असन्तुष्टि जनाइरहेका बेला नीति र नेतृत्व बनाउने ठाउँसम्म महिलाहरुको समानुपातिक समावेशी अर्थपूर्ण प्रतिनिधित्व हुनु पर्छ भन्ने सवाल जोडतोडले उठिरहेको छ। राज्यको हरेक निकायमा महिलाको ५० प्रतिशत सहभागिता अनिवार्य गरिनुपर्ने आवाज बुलन्द भइसकेको छ। पदाधिकारीमा ३३ प्रतिशत महिलाको हक सुनिश्चित गरी महिलाको लागि प्रत्यक्ष निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने माग पनि उठिरहेको छ।

संविधान बनेपछि नागरिकताको ऐनमा आमाको नाममा नागरिकता प्राप्त गर्न विभिन्न प्रावधानले समस्या निम्त्याएको छ। त्यस्तै वैवाहिक अङ्गीकृत नागरिकताको सन्दर्भमा पुरानै व्यवस्थाले निरन्तरता पाइरहेको छ। यसका कारण विभिन्न व्यावहारिक समस्याहरु निम्ताएको छ। निजामती सेवामा ३३ प्रतिशत महिला प्रतिनिधित्वको व्यवस्था भएपछि २७ प्रतिशत महिलाको प्रतिनिधित्व भएको अवस्था छ। तर सबै महिलालाई एउटै क्लस्टरमामा राख्दा मधेशी, मुस्लिम र दलित महिलाले खासै उपलब्धि प्राप्त गर्न सकेका छैनन्। महिला, दलित, जनजाति, मधेसी, मुस्लिम, थारू साथै विभिन्न भौगोलिक क्षेत्रबाट प्रतिनिधित्व गर्ने वर्गका लागि प्रशस्त गृहकार्य हुन सकिरहेको छैन। समावेशिताको मुद्दा एकातिर जोडतोडले उठिरहेको भएपनि यसले अस्थिरता निम्ताउने खतरा पनि देखिने भएकाले यसका लागि मध्यम बाटो अवलम्बन नगरी सुख छैन। विशेषगरी महिलाहरुले अवसर र अधिकार नपाएको गुनासो गरिरहेका छन्। विभिन्न निकाय, जात, समुदाय, क्षेत्र वा भूगोलका महिलाले समान अधिकार पाउनुपर्ने आवाजलाई सम्बोधन गर्नुपर्छ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, अपाङगता भएका, एकल, ग्रामीण इलाकामा बस्ने, अशिक्षित, राजनीतिक पहुँच भन्दा टाढा रहेका महिलाले पनि समान अवसर पाउने व्यवस्था संविधानले सुनिश्चित गर्नुपर्छ। प्राकृतिक स्रोत साधनमा स्थानीय महिलालाई प्राथमिकता दिनेदेखि महिलाहरुको लागि कुनै व्यवसाय सन्चालन गर्नको लागि लगानीमा ऋण सहुलियतको विषय पनि संशोधनको मुद्दाका रुपमा अगाडि सार्नु आवश्यक छ। राष्ट्रपति एक पटक महिला दोस्रो पटक पुरुष गरी आलोपालो प्रणालीमा निर्धारण गर्न, न्यायपालिकामा महिलाको सहभागिता ५० प्रतिशत पुऱ्याउन, न्याय परिषद्को सदस्यमा अनिवार्य महिलाको सहभागिता गराउन, विभिन्न संवैधानिक निकायहरुको नेतृत्वमा महिलाहरुलाई आलोपालोकै आधारमा अवसर प्रदान गर्न पनि उत्तिकै जरुरी देखिन्छ।

सेना, प्रहरीको हरेक संरचनामा महिलाको ५० प्रतिशत सहभागिता गराउन, राष्ट्रपति, उपराष्ट्रपति, पालिका प्रमुखसम्मको उम्मेदवार तयार गर्दा महिलालाई अनिवार्य सहभागिता खोज्नुपर्ने दायित्व संविधान संशोधनका बेला खोजिनु पर्छ। नेपालको संविधान २०७२ को प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ। उक्त सङ्कल्पलाई व्यवहारमा परिणत गर्न महिला र पुरुषबीच सबै खाले विभेद् अन्त्य गर्ने गरी संविधान संशोधन गर्न आवश्यक भइसकेको छ।

(लेखक नेपाली कांग्रेसको पेशागत तथा बुद्धिजीवी विभागको प्रमुख हुनुहुन्छ)

# संविधान संशोधनको विषय मनोगत नभई वस्तुगत हुनुपर्छ

**सभामुख देवराज घिमिरेले संविधान संशोधनको विषय मनोगत नभई वस्तुगत आधारमा व्यवस्थित ढंगबाट अगाडि बढाउनु पर्ने बताएका छन् । उनले संशोधन गर्नुपूर्व संविधान कार्यान्वयन गरिँदा देखिएका कमी कमजोरी के हुन् भन्ने पनि विश्लेषण गरिनुपर्ने औंल्याएका छन् । विसं २०७२ मा 'नेपालको संविधान' जारीपछि मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको र समग्ररूपमा जनजीवनमा महसुस हुने गरी उल्लेखनीय सकारात्मक परिवर्तन भइरहेको जिकिर गर्दै उनले राज्यसँग सीमित स्रोतसाधन भए पनि समग्रमा भएका प्रगति धेरै उल्लेखनीय रहेको बताएका छन् । सभामुख घिमिरेले जनताको जीवनस्तर माथि उठेको तथा तिनले आधारभूत स्वास्थ्य सेवा र शिक्षा केही हदसम्म पाएको पनि जनाएका छन् । संविधान दिवस-२०८१ का सन्दर्भमा प्रतिनिधिसभाका सभामुख घिमिरेसँग संविधान संशोधन, कानुन निर्माण र समसामयिक विषयमा केन्द्रित रही लिएको अन्तर्वार्ताको सम्पादित अंश :**

**-सभामुख ज्यू, सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र सुदृढ गर्न प्रतिनिधिसभाले के-कस्तो भूमिका निर्वाह गरिरहेको छ ?**

सभामुख-नेपालको संविधान जारी भएको नौ वर्ष भयो । यहाँसम्म आइपुग्दा संसद्का कामलाई प्रभावकारी तुल्याउन प्रयत्न भइरहेको छ । संविधान जारी भएको पहिलो निर्वाचनपछि गठित संसद् कानुन बनाउने कार्यमा मूलभूत रूपमा केन्द्रित भयो । त्यसबेला नै जरुरी परेका कानुन धेरथोर बनाउने र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई प्रभावकारी तुल्याउने काम भयो । दोस्रो निर्वाचनपछि पनि थप आवश्यक कानुन बनाउने कार्यमा संसद् अहिले पनि क्रियाशील नै छ । त्यससँगै कानुन कार्यान्वयन कसरी भइरहेको छ, त्यसको अवलोकन गर्ने तथा कार्यान्वयनका लागि आवश्यक बहस र छलफल गरी सरकारलाई सल्लाह, सुझाव र निर्देशन दिने काममा अलि बढी ध्यान केन्द्रित भएका छौँ ।

**- राजनीतिक फेरबदलले यसबीचमा संसद्को नियमित कार्यमा केही असर पऱ्यो कि ?**

सभामुख-यसबीचमा परिस्थिति अलि भिन्न ढङ्गबाट विकास भएर आयो । सङ्घीय संसद्को बनावट आफैमा एउटा दलको मात्र बहुमत र सरकार बन्न सक्ने अवस्थाको छैन । ससाना दल मिलेर सरकार बने । त्यस्ता सरकार पनि छोटो समयमै फेरबदल भइरह्यो । यसले संसद्का नियमित गतिविधिलाई केही न केही प्रभाव पार्दोरहेछ, पऱ्यो पनि । प्रदेशमा पनि त्यसको असर गम्भीर रूपबाट देखापऱ्यो । सबैजसो प्रदेशमा सरकार बन्ने तथा निरन्तर र नियमित संसद् बैठक चल्ने एवं यसप्रति उत्तरदायी भएर काम गर्ने, बनेका कानुन कार्यान्वयन गर्ने र परिणाम दिनेमा समस्या देखियो । केन्द्रमा पनि अपेक्षाकृत रूपबाट दोस्रो संसद्ले पनि काम गर्न सकेन ।

करिब दुईवर्षे यस अवधिमा संसद्ले अति गति लिनुपर्थ्यो तर यसको भूमिका र संविधान कार्यान्वयनको पाटो प्रभावकारी भएन तथा संविधान र संसद्को लोकप्रियता घट्यो भन्ने ढङ्गको टीकाटिप्पणी हुनु पनि आवश्यक छैन । बरु जनताका भावना सांसद्मार्फत प्रत्यक्ष आउने कुरा अझ मुखरित गरिएको छ । तलका आवश्यकता र जनताका भनाइ के छन् भन्ने कुरा देशको कार्यकारी प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर तथा सामूहिक विषयमा बहस र छलफल चलाउने कार्यबाट सजीव, प्रभावकारी र नियमित ढङ्गबाट प्राप्त भइरहेको छ । त्यस्तै जरुरी परेका विधेयकमाथि प्राथमिकताका साथ छलफल गरी समयसीमाभित्र टुङ्ग्याउने कार्यमा अहिले संसद् केन्द्रित छ । यसलाई नियमित ढङ्गबाट सञ्चालन गर्न 'क्यालेन्डर' बनाएर कार्यसूचीका आधारमा जान प्रयत्न भइरहेको छ ।

**- एकातिर नेपालको संविधान कार्यान्वयनसँग प्रत्यक्ष जोडिएका अझै केही ऐन बनाउनु पर्नेछ भने अर्कातर्फ बनेका कानुन कार्यान्वयनको अवस्था कस्तो पाउनु भएको छ ?**

सभामुख- कुन कानुन, कुन क्षेत्रमा बनेन र कुन कानुनको अभाव भयो वा कुनै क्षेत्रमा काम भएन भन्ने कुरा मूर्त रूपमा आएको छैन । बरु यसलाई नकारात्मक सोचबाट प्रचार गर्न खोजिएको छ । संविधानसम्मत कानुन पहिलो निर्वाचनपछिको संसद्बाट बनिसकेको छ । कतिपय कानुनमा पुराना प्रावधान, भनाइ र शब्दावली मिलाउनु पर्नेछ । खासगरी सङ्घीयता कार्यान्वयनसँग जोडिएका सङ्घीय निजामती सेवा ऐन परिवर्तित सन्दर्भमा समयसीमाभित्र आउनुपर्थ्यो, त्यो अहिले पनि आउन सकेको छैन । त्यसबाट देशका कर्मचारी कोप्रति उत्तरदायी हुने, खासगरी प्रदेश र स्थानीय तहमा कसरी उनीहरूले काम गर्ने भन्ने थोरै समस्या देखिएको छ । त्यसलाई प्राथमिकताका साथ पेस गर्नुपर्छ भनी संसद्ले कोशिस गर्दै सरकारको ध्यानाकर्षण गराएको छ । प्रधानमन्त्रीलाई यसमा संसद्ले प्रेरित र सहयोग गऱ्यो । परिणामस्वरूप अहिले संसद्मा पेस भएको छ । यसलाई प्राथमिकताका साथ दफावार छलफल गरी टुङ्ग्याउन समितिमा पठाइएको छ । संसद्को अहिले चलिरहेको अधिवेशनमा बढी समय यसमा बिताउनुपरेको छ । त्यसमा पनि कतिपय बजेटसँग सम्बन्धित कानुनलाई प्राथमिकताका साथ तुरुन्त पारित गर्नुपरेको छ । त्यसले पनि निजामती सेवालगायत विधेयक अघि बढाउन केही ढिला भएको छ, अब छिटो टुङ्ग्याउने गरी जानुपर्छ ।



देबराज घिमिरे, सभामुख

**हामीले ठूलो मेहनत र मूल्य चुकाएर लामो सङ्घर्षबाट संविधानसभाबाट संविधान ल्याएका छौँ । अहिले संविधान संशोधनको कुरा चलिरहँदा त्यसलाई मनोगत ढंबाट नभई वस्तुगत आधारमा व्यवस्थित ढंबाट लैजानुपर्छ । संविधान कार्यान्वयन गरिँदा देखिएका कमी कमजोरीमा ध्यान दिनुपर्छ । लोकतान्त्रिक गणतन्त्रात्मक संविधानलाई जनताका हितमा प्रयोग गर्न सबै राजनीतिककर्मी खासगरी दल, नेतृत्वमा रहेका नेताहरूलाई नवौँ संविधान दिवसले प्रेरणा देओस् । यसबीचको अनुभवले माग गरेको कुरा पूरा गर्दै आगामी दिनमा संविधानलाई प्रभावकारी ढंगबाट व्यवहारमा प्रयोग गरियोस् । यो अझ प्रभावकारी बन्न सकोस् ।**

अर्को विद्यालय शिक्षा विधेयक छ । संविधानअनुरूप तलका निकायले शिक्षालाई कसरी व्यवस्थित गर्ने भन्ने विषय छ । प्रदेश र स्थानीय तहमा उठेको विषय र शिक्षासँग जोडिएको विधेयक महत्वपूर्ण छ । यसलाई पनि प्राथमिकताका साथ अघि बढाएर टुङ्ग्याउनुपर्छ । यसैसँग गाँसिएको प्रहरी समायोजन कसरी गर्ने भन्ने छ । समायोजनसँग सम्बन्धित भई विधेयकलाई पनि निष्कर्षमा पुऱ्याउन अहिलेको सरकार सञ्चालनमा आइरहेका फेरबदलले पनि केही ढिलाइ गऱ्यो । संसद्को यसमा आवश्यक ध्यान पुगेको छ र सरकारसँग छलफल र कुराकानी भइरहेको छ । यस अधिवेशनमै ती विधेयक ल्याउन सरकारले प्रयत्न गरिरहे पनि सदनमा प्रवेश भने पाएको छैन । सरकारको प्रयासप्रति संसद्को ध्यानाकर्षण भइरहेको छ । संविधान कार्यान्वयनसँग जोडिएका विधेयकलाई अब समयभित्रै परिणाम देखिने गरी टुङ्ग्याऔँ भन्ने छ । महत्वपूर्ण विधेयक आउने क्रममा छ ।

**-संसदमा प्रतिनिधित्व गर्ने ठूला दलको स्पष्ट बहुमत प्राप्त सरकार छ, विधेयकहरू छिटो अघि बढाउने सन्दर्भमा संसद् स्वयंले के कस्तो कार्यतालिका बनाएको छ ?**

सभामुख- हो, संसद्ले कार्यतालिका बनाएको छ, विधेयकलाई यसरी छिटो लैजानुपर्छ भनी छलफलको सुरुआत गराएको छ । समयमै यसलाई प्राथमिकताका साथ समितिमा पुऱ्याइएको छ । त्यहाँ बहस र छलफल भइरहेको छ । असार मसान्तभित्रमै बजेट पारित गर्नुपर्ने र त्यससँग आश्रित विधेयक पास गरी कानुन बनाउनु पर्नेतर्फ ध्यान र समय खर्चनुपऱ्यो । अब भने ती महत्वपूर्ण विषयसँग सम्बन्धित विधेयकमा केन्द्रित भएका छौँ । नतिजा निकाल्न 'क्यालेन्डर' बनाएर कोसिस गरिरहेका छौँ । समितिलाई तलसम्मको राय-परामर्श, आवश्यक बहस, छलफल र अवलोकनसमेत गरी त्यसमा लाग्नूस् भनिएको छ । मिल्दाजुल्दा प्रणाली अवलम्बन गरेका मुलुकको अभ्यास समेत बुझ्नुपर्ने आवश्यकता छ । यसरी विधेयक सिलसिलेवार ढङ्गबाट लैजानुपर्छ भनी कार्ययोजना बनाएर अघि बढाउने काम भइरहेको छ ।

**-सुदृढ संसदीय व्यवस्था भएका मुलुकमा धेरैजसो सांसदका तर्फबाट गैरसरकारी विधेयक संसदमा पेस गर्ने अभ्यास देखिन्छ, संसद्को अभिभावक भएका हिसाबले यसमा यहाँले केही सोच्नु भएको छ ?**

सभामुख- जरुर । परम्परागत ढङ्गबाट चार सय वर्षसम्म संसदीय अभ्यास गरेका, दुई सय वर्षदेखि प्रयास गरेका मुलुकका तुलनामा हामीले करिब एक दशकका बीचमा यी क्षेत्रमा धेरै सोचिरहेका र प्रगति गरिरहेका छौ । निजी क्षेत्रबाट आउने प्राइभेट बिल वा सरकारले ल्याउने सरकारी विधेयक बीचमा तादात्म्य मिलाउनु पर्नेछ । विधेयक भन्नासाथ व्ययभारको कुरा स्वाभाविक आउँछ । राज्यलाई व्ययभार कति पर्छ, कहाँबाट पूरा गर्छौं, हाम्रो स्थिति के छ, त्यसले राष्ट्रिय आम्दानीमा कति फाइदा गर्छ भनी लेखाजोखा गरिनुपर्छ । यी सबै सरकारसँग गाँसिएको विषय भएकाले तादात्म्य मिलाउन र सल्लाह गर्नुपर्ने जरुरी छ । अर्कातर्फ यस अवधिमा निजी क्षेत्रका तर्फबाट बिल भटाभट ल्याउन सक्ने सांसदका क्षमता र व्यावहारिकता पनि हेर्नुपर्छ ।

**-नेपाली जनताले पहिलोपटक आफैँले लेखेको संविधान बनेपछि प्रत्यक्ष रूपमा के के लाभ प्राप्त गरे त ?**

सभामुख- जनप्रतिनिधिमार्फत हाम्रा माग राज्यले सम्बोधन गर्छ, चाहनालाई प्रदेश र स्थानीय तहमार्फत कार्यान्वयनमा लान सकिन्छ, स्थानीय तहमार्फत न्याय-निसाफ निरुपण हुन्छ । प्रादेशिक अवस्थाका आधारबाट ऐन, कानुन र नीति निर्माण गरी प्रत्यक्ष सरकारको महसुस गर्छौं भन्ने जनतामा अनुभूति भएको छ । तथापि केही ठाउँमा भइरहेका विकृति र गलत अभ्यास, न्याय निरुपण गर्ने सन्दर्भमा भएका कतिपय पक्षपात, समयमा योजना पूरा गरेर प्रतिफल पाउने कार्यमा भएका कमजोरीलाई लिएर अलि बढी नै प्रचार भइरहेको छ ।

यदि यस प्रणालीअन्तर्गत खासगरी संविधानका मातहतबाट गरिएका यी काम नभएको भए राज्यबाट जनताले 'डेलिभरी' प्राप्त गर्न सम्भव थिएन । योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यक्रम विभिन्न ठाउँमा स्थानीय तहले नै अपनाउन पुगेका छन् । उदाहरणका लागि मकवानपुरको भीमफेदी गाउँपालिकामा भारी बोकेर जीवन निर्वाह गर्नेहरू सामाजिक सुरक्षा कोषमा समेटिएको अवस्था छ । यस तरिकाबाट भविष्य सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन भएको छ । हामीले यस खाले संरचना र व्यवस्था तल कायम गरेका हुँदैनथ्यौँ भने त्यहाँका जनता केन्द्रको नीति र कार्यक्रमबाट के प्राप्त हुन्छ भनेर पर्खेर बस्नुपर्थ्यो । अहिले ठाउँका विशेषताका आधारमा जनहितका विभिन्न कार्यक्रम अघि बढिरहे पनि कमीकमजोरी नै बढी प्रचारित छ ।

संविधान कार्यान्वयन गर्ने सन्दर्भमा कतिपय कानुन र कर्मचारीको अभाव छ, कर्मचारीको वृत्तिविकास र ती कोप्रति उत्तरदायी हुने भन्ने विषय स्पष्ट छैन । त्यस्तै शिक्षा सञ्चालन गर्ने, तदनुकूल पाठक्रम तयारी गर्ने र काम लगाउने विषयको अभाव छ । आधारभूत सेवा प्रवाह गर्ने कुरामा निकायहरू लागिरहेकाले परिणाम जनताका जीवनमा सकारात्मक नतिजा आएको छ जुन ठूलो उपलब्धि हो । तलका जनताले प्रत्यक्ष के पाइहेका छन्, तिनको जीवनस्तर माथि उठ्यो कि उठेन, आधारभूत शिक्षा र स्वास्थ्य सेवा पाएऔपाएनन् भन्ने दृष्टिबाट हेर्दा तुलनात्मक र समग्र रूपमा भएका प्रगति उल्लेखनीय छन् । सुधार्ने धेरै ठाउँ छ, यसलाई मसिनो गरी हेर्ने, देख्ने र बुझ्ने तथा महसुस गर्ने र प्रचार गर्ने कुराको अझै अभाव छ ।

**-राजनीतिक दल सत्ता प्राप्तितिर नै केन्द्रित भए, जनताले 'सर्भिस डेलिभरी' पाएनन् भन्ने गुनासो पनि छ नि ?**

सभामुख-सरकारप्रति मात्रै राजनीतिक दल लागे भन्ने कुरा मिल्दो छैन । अहिले म यो वा त्यो गरिदिन्छु भनेर कोही चुनाव प्रसार र भोट माग्दै हिँडेका छन् र ? फेरबदलको जहाँसम्म कुरा छ, बहुमतका लागि एउटा दलको मात्र सांसद संख्या नपुगेपछि, दलबीच कुरा नमिलेपछि, सहमति नभएपछि, हिजो सहमति भएका विषयमा पनि असहमति भएपछि परिवर्तन हुन्छ नै । यसलाई दलहरू सरकार परिवर्तनमा मात्रै लागे भन्ने अर्थमा बुझ्नु हुँदैन । सरकार सञ्चालनमा नीतिगत, व्यावहारिक एकता हुनुपर्छ ।

स्थिर सरकारका अभावमा एउटा सरकारले एउटा नीति र कार्ययोजना तयार गरिरहेकै अवस्थामा सरकार परिवर्तन हुन सक्छ । जुन जनमत प्राप्त गरेर बनेको संसद् हो, त्यसप्रति उत्तरदायी हुनुपर्ने सरकार अघि बढ्न नसकेपछि अर्को सरकार त त्यहीँ भित्रबाट बन्ने हो नि ! उसका योजना कार्यान्वयन हुन नपाउँदै नयाँ सरकार आउने परिस्थिति बन्यो । यो कार्यकालमै पनि तीन-चारपटक परिवर्तन भइसकेको छ । अनि यसले जसरी परिणाम दिनुपर्थ्यो, त्यो सकेको अवस्था छैन । तथापि 'मलाई मतदान गर्नूस्, मेरो कार्यक्रम यो छ' भनेर अहिले दलहरू गए भने मात्र ती सरकार बनाउन लागिरहे भनी आलोचना गर्दा उचित हुन्छ । अहिले त्यो स्थिति होइन, भइरहेकै अवस्थाबाट अघि बढ्ने हो । कतिपय नीति तथा कार्यक्रम र बजेटले नै पनि निरन्तरता पाएकै छ । विसं २०८१ को बजेट ल्याउँदा एउटा सरकार थियो, असार मसान्तसम्म आइपुग्दा नयाँ सरकार गठनको परिस्थिति बन्यो । एउटाले नीति र कार्यक्रम पेस गऱ्यो, अर्को सरकारले निरन्तरता दिइरहेको छ । सरकार फेरबदल भए पनि कतिपय नीति र कार्यक्रम वा बजेट जस्ता आधारभूत विषयलाई निरन्तरता दिने बाध्यता र अवस्था छ । यद्यपि स्थिर सरकारले जनतालाई दिने 'डेलिभरी' बारे मात्र मूल्याङ्कन गर्न सजिलो हुन्छ ।

**- यस अवधिमा राजनीतिक विकास र स्थायित्वको पक्षलाई कसरी अघि बढाइयो ? त्यसमा यहाँका केही सुझाव पनि छन् कि ?**

सभामुख-राजनीतिक दलको उपस्थिति संसद्मा जे-जसरी भयो, त्यसमा सम्भव भएसम्म अलि फराकिलो ढङ्गबाट हिँड्नुपर्ने थियो । सरकारलाई टिकाउ बनाएर लैजान नयाँ गठबन्धन बनेको छ, नतिजा हेर्न बाँकी नै छ । यो हाम्रो अस्थिरता र निरन्तरताले ल्याएका समस्या हुन् । यसको अन्त्य गर्दै सेवा प्रवाहलाई चुस्त तुल्याउनुपर्छ । विकास निर्माणलाई परिणाममुखी बनाएर लैजानुपर्छ भन्ने कुराको महसुस गरेर नै अहिले ठूला दल मिलेर सरकार बन्यो । यसबाट तुलनात्मक ढङ्गबाट राजनीतिक स्थिरता हुन्छ । अब परिणाम दिनेगरी अघि जानुपर्छ ।

**-नयाँ सरकार गठनको पृष्ठभूमि संविधान संशोधनसँग पनि जोडिएको छ, यसलाई कसरी हेर्नु भएको छ ?**

सभामुख- संविधान कार्यान्वयन गर्ने सन्दर्भमा देखिएका अप्ठयारा हटाउन संशोधन जरुरी र स्वाभाविक हो । तर अहिले नै कुन कुन विषयले संविधान कार्यान्वयनमा असजिलो देखापऱ्यो र त्यसमा के के कुरा संशोधन गर्नुपर्छ भन्ने तहमा बहस र छलफल विधिवत् ढङ्बाट अगाडि आइसकेको छैन । तर यसबीचमा संविधान जति कार्यान्वयन गरियो, त्यस सन्दर्भमा संशोधन गरेर जाँदा राम्रो हुने पक्ष पनि छन् ।

संशोधनमा पक्ष र विपक्षभन्दा पनि यथार्थ के हो, कार्यान्वयनमा जाँदा अप्ठेरो देखा परेका के हुन्, त्यस अनुभवका आधारमा सौहार्द्र र विधिवत् ढङ्गबाट विषय प्रवेश गर्ने, विषयको छनोट गर्ने, बहस र छलफल गर्ने, कसलाई सजिलो वा अप्ठयारो तथा जित वा हार नभई व्यावहारिक रूपमा के कुराले अप्ठेरो भयो, संविधानका कुन कुन धारा, उपधाराले समस्या भयो भनी छलफल गर्ने वातावरण बन्दै आएको छ । हिजो संसद्मा सहमति र समझदारीको स्थिति नहुँदा जरुरी कुरा पनि सम्भव थिएन, अहिले सम्भव देखिएको छ । अहिले नै यो यो गर्न सरकार बनेको हो भने जसरी बाहिर विषय आएका छन्, त्यो भने अलि सतही हो ।

**-महत्वपूर्ण विधेयक छलफल भइरहेका बेला विगतमा परामर्शको पक्ष बेवास्ता गरी अचानक सदनको अधिवेशन अन्त्य गरियो भन्ने आरोप सुनिन्थ्यो, यसमा सरकार र संसद्बीचको सम्बन्ध कस्तो हुनुपर्छ ?**

सभामुख- विधेयक त संसद्ले बनाउँछ तर चाहिएको त सरकारलाई नै हो नि ! त्यसैले अचानक बन्द गर्ने, चाहिँदा खोल्ने र फेरि बन्द गर्ने भनेकै विधेयकको आवश्यकतानुसार हो । अचानकभन्दा पनि उसको आवश्यकता कस्तो छ, त्यसका आधारमा विगतमा गरिएको भन्ने बुझेको छु, अहिले पनि त्यही होला भन्ने लाग्छ ।

**-संसद् र संसदीय समिति कहिलेकाहीँ सदस्यले संसदीय मर्यादाभन्दा बाहिर गएर अभिव्यक्ति दिएको सुनिन्छ । बहस स्वस्थ्य तुल्याउन यहाँको भूमिका र सुझाव के छ ?**

सभामुख- राष्ट्रियसभा र प्रतिनिधिसभा तथा मातहतका समितिमा हुने बहस, छलफल, वादविवादबारे मलाई कम अनुभव छ किनभने त्यहाँ सभामुख आफै सहभागी हुने अवस्था कम हुन्छ । तथापि त्यहाँ दफावार छलफल, दलीय दृष्टिकोण आउन सक्ने भए, सांसदका आफ्ना विश्वास र बुझाइ पनि आउने भए, निर्वाचन क्षेत्रका जनताका माग र भनाइ आउने भए । त्यसका आधारमा विभिन्न कोणबाट बहस र छलफल हुनु नितान्त स्वाभाविक हो । विभिन्न सदस्यका बीचमा एउटै विचार, सोच, धारणा, प्रस्तुति, व्यवहार र भनाइ हुन्छ भन्ने छैन । जनताको भावना र विचारलाई जितेर आउनुभएका जनप्रतिनिधिका विभिन्न राजनीतिक आबद्धता, सामाजिक पृष्ठभूमि र घोषणापत्र हुन्छन् । त्यहाँका छलफल र निर्णयले नै विधेयक पास गर्न सर्वसम्मति वा बहुमत-अल्पमत भन्ने बाटो खुल्छ । संसद् खुला भएकाले अभद्र र अशिष्ट गतिविधि, अभिव्यक्ति र प्रयुक्त शब्द पारदर्शी नै हुन्छ ।

तर हामीसँग कतिपय पराम्परागत सञ्चालनको ढाँचा छ, त्यसमा देखिएका कमी कमजोरी सुधार गर्दै जानुपर्छ । यो स्वयंले आत्मप्रशिक्षित हुने र उदाहरण दिने कुरा हुन् । कैयौँ कुरा अनुभव प्राप्त गरी नियमावलीमा समावेश गरेर पास गरेका छौँ, त्यसकै आधारमा सभालाई सञ्चालन गर्ने हो । अभिव्यक्तिलाई संसदीय भाषा, मर्यादा, परम्परा र शैलीमा राख्ने हो । तोकिएका मार्गबाट सांसद बाहिर नजाऊन् भन्नाका लागि सभा सञ्चालनका ठाउँबाट निर्देशन गर्ने, सच्याउने, नियन्त्रण गर्ने काम गरिन्छ । अझै स्तरीय, प्रभावकारी, शिष्ट र मर्यादित रूपमा कसरी लैजाने भन्नेमा स्वयं दल, सदस्य सचेत हुनुपर्छ ।

**-कार्यपालिकाले व्यवस्थापिकालाई आवश्यक बजेट उपलब्ध गराएन भनी बेलाबेलामा सुनिएको छ, यसमा यहाँको धारणा के हो ?**

सभामुख- यथार्थ के हो भने कार्यपालिकालाई विभिन्न क्षेत्रबाट आएका प्रस्तावका आधारमा कार्य सम्पन्न गर्नुपर्ने दायित्व हुन्छ । व्यवस्थापिकाको व्यवस्थापकीय काम गर्नका लागि उसको विधेयक निर्माणसँग सम्बन्धित आवश्यक साथ सहयोग सबैबाट आवश्यक हुन्छ । संसद्लाई बजेट पनि पर्याप्त मात्रामा चाहिन्छ । तर राष्ट्रिय ढुकुटी कस्तो छ, आम्दानी स्थिति के छ बुझ्नुपर्छ, त्यसभन्दा फरक ढङ्गले संसद्का मात्रै आवश्यकता पूर्ति गरेर राज्य जान सक्दैन । अर्कातिर विकासका काममा कार्यपालिकाले अहिले सकिएन भने ६ महिनापछि गरौँ भन्न सक्छ । बजेट विनियोजन भएका अत्यावश्यकबाहेकका योजना पनि रोक्न सकिन्छ तर संसदीय गतिविधि कसैले रोक्न सक्दैन । त्यसैले यसलाई सञ्चालन गर्न आवश्यक बजेट, प्रविधि र जनशक्ति चाहिन्छ ।

कुनै घटना भएमा अवलोकन गर्न टोली बनाएर जानुपर्ने हुन्छ । त्यसमा सक्दैनौ भनियो भने उसको दायित्व पूरा हुन सक्दैन, कार्यपालिकालाई गर्नुपर्ने निगरानी हुन सक्दैन । संसद्का गतिविधि राज्यकै हुन् । संसद्भित्र चाहिने आर्थिकलगायत काम कारबाही पूरा गर्ने दायित्व राज्यको हो । कार्यकारीले नै बजेट निर्माण र विनियोजन गर्ने काम नीतिभित्र बसेर गर्छ । यस्ता अवस्थामा एकले अर्कालाई आरोप होइन, साथ र सहयोग दिँदै आवश्यक न्यूनतम बजेट, जनशक्ति पुऱ्याउनुपर्छ । संसद्को काम केही छैन, यसले आफूलाई धेरै बजेट किन माग्नुपऱ्यो भन्ने बुझाइ र प्रचार गराइ यसको वास्तविकतालाई नबुझेर हो भन्ने लाग्छ । अरू मुलुकमा संसद्को सबैभन्दा पहिला न्यूनतम आवश्यकता पूर्ति गरेर मात्रै अन्य काम गर्नुपर्छ भन्ने मान्यता छ । त्यस्तै सोच यहाँ पनि क्रमशः विकास हुँदैछ ।

**- संविधान दिवसका अवसरमा नेपाली जनतालाई यहाँको केही सन्देश छ त ?**

सभामुख- हामीले ठूलो मेहनत र मूल्य चुकाएर लामो सङ्घर्षबाट संविधानसभाबाट संविधान ल्याएका छौँ । अहिले संविधान संशोधनको कुरा चलिरहँदा त्यसलाई मनोगत ढङ्गबाट नभई वस्तुगत आधारमा व्यवस्थित ढङ्गबाट लैजानुपर्छ । संविधान कार्यान्वयन गरिँदा देखिएका कमी कमजोरीमा ध्यान दिनुपर्छ । लोकतान्त्रिक गणतन्त्रात्मक संविधानलाई जनताका हितमा प्रयोग गर्न सबै राजनीतिककर्मी खासगरी दल, नेतृत्वमा रहेका नेताहरूलाई नवौँ संविधान दिवसले प्रेरणा देओस् । यसबीचको अनुभवले माग गरेको कुरा पूरा गर्दै आगामी दिनमा संविधानलाई प्रभावकारी ढङ्गबाट व्यवहारमा प्रयोग गरियोस् । यो अझ प्रभावकारी बन्न सकोस् । संविधानलाई सदा सदा कार्यान्वयन गर्न सक्ने एउटा अझै महत्वपूर्ण दस्तावेजका रूपमा लिन सकियोस् । सबैलाई शुभकामना छ ।

**नारायणप्रसाद न्यौपाने र कालिका खड्का/रासस**

# अमेरिकामा इन्ट्रा कप भलिबल, रुकुम र बेलमण्ट विजयी




न्युयोर्क (जस)- अमेरिकाको पेन्सिलभेनिया राज्यको ह्यारिसवर्ग सहरमा सम्पन्न इन्ट्रा कप भलिबल प्रतियोगितामा पुरुषतर्फ रुकुम टिम र महिलातर्फ बेलमण्ट टिम विजयी भएका छन् । मंगलबार राति सम्पन्न अत्यन्त प्रतिस्पर्धात्मक फाइनल खेलमा रुकुम टिमले सजनी टिमलाई ३-२ को सेटले जितेको थियो ।

नेपालको कर्णाली प्रदेशअन्तर्गत रुकुमबाट आएर अमेरिकाको टेक्सास राज्यमा बसोबास गर्ने खेलाडी रुकुम टिममा सम्मिलित छन् भने सुदूरपश्चिम प्रदेशबाट अमेरिका आई टेक्सासमै बसोबास गर्ने खेलाडी सजनी टिममा समावेश छन् ।

प्रथम हुने रुकुम टिमले १० तोला सुनको गोल्डकप र १२ हजार डलर (रु १६ लाख नौ हजार) जितेका छन् । उनीहरूलाई आयोजक संस्था 'इन्ट्रा-नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन अफ अमेरिका'का अध्यक्ष डिल्ली अधिकारीले सो पुरस्कार हस्तान्तरण गरेका थिए ।

त्यसैगरी महिला भलिबलतर्फ मेरिल्याण्ड राज्यको नेपाली क्लब बेलमण्टले जितेको छ । नेपाली राष्ट्रिय खेलाडी सिपोरा गुरुङ र रमिला तण्डुकार सम्मिलित बेलमण्टले १० तोला सुनको गोल्डकप र नौ हजार डलर (रु १२ लाख ६ हजार) जितेको थियो ।

यसैगरी सो प्रतियोगितामा पुरुषतर्फ उपविजेता बनेको सजनी टिमले आठ हजार डलर (रु १० लाख ७२ हजार) र महिलातर्फको उपविजेता बिवाइएससी मिनीसोटाले छ हजार डलर (रु आठ लाख चार हजार) पुरस्कार प्राप्त गरेको छ । खेलको नियमानुसार सुनको ट्रफी हात पार्न लगातार तीनपटक जित्नुपर्ने हुन्छ । पुरुष विजेता रुकुम टिम र महिला विजेता बेलमण्टले लगातार दुईपटक इन्ट्रा कप भलिबल प्रतियोगिता जितिसकेका छन् । अब एकपटक दुवै टिमले जिते सुनको ट्रफी यी टिमले लग्नेछन् ।

पुरस्कार वितरण गर्दै फाउण्डेसनका अध्यक्ष अधिकारीले खेल जितेर पुरस्कार रकम, ट्रफी र कपमात्र लिएर खेलाडी फर्किएको नभई नेपालीपन, नेपाली मन र नेपाली जातीय एकतालाई मजबुद बनाएको बताए । उनले नेपालीपन र नेपाली सांस्कृतिक एकतालाई संसारभर मजबुद बनाउन फाउण्डेसनले 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स'को दोस्रो संस्करण सन् २०२५ मा देखि सुरु गर्ने बताए ।

पुरस्कार वितरण गर्दै नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान बलले नेपालीपन र नेपाली मनलाई अमेरिकामा एकताबद्ध बनाई खेलकुद प्रतियोगिता गराएकामा आयोजक संस्थाको सराहना गरे । खेल व्यवस्थापन समितिका संयोजक ओमराज गुरुङका अनुसार इन्ट्रा कप भलिबलको सर्वोत्कृष्ट खेलाडीमा महिलातर्फ बेलमण्टकी सिपोरा गुरुङ र पुरुषतर्फ रुकुम टिमका डेमोण्ड खड्का घोषित भएका थिए ।

प्रतियोगितामा पुरुषतर्फ तेस्रो हुन सफल सानफ्रान्सिस्को टिमले पाँच हजार डलर (रु छ लाख ७० हजार) र महिलातर्फ फ्रेण्डसिप ओहायो टिमले तीन हजार डलर (रु चार लाख दुई हजार) प्राप्त गरेका छन् ।

# नेपाल क्यानडासँग भारी अन्तरले पराजित




काठमाडौं (जस)- नेपाल आइसिसी विश्वकप लिग-२ त्रिकोणात्मक सिरिजमा घरेलु टोली क्यानडासँग पराजित भएको छ । क्यानडाको किंग सिटीमा रहेको मप्ले लेआफ नर्थ वेस्ट क्रिकट ग्राउन्डमा सोमबार राति सम्पन्न खेलमा नेपाल क्यानडासँग १०३ रनको भारी अन्तरले पराजित भएको हो । खराब 'ब्याटिङ' गरेको नेपाल क्यानडासँग एकदिवसीय खेलमा पहिलोपटक पराजित भएको हो । यसअघि क्यानडासँग भएको तीन भेटमा नेपालले तीनै खेलमा जित निकालेको थियो ।

खेलमा २५४ रनको लक्ष्य पछ्याएको नेपाल ४० दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै १५० रनमा समेटियो । नेपालका लागि करण केसीले सर्वाधिक २७ रन बनाए । उनले २४ बलमा दुई चौका र दुई छक्कासहित सर्वाधिक २७ रन बनाएका हन् ।

त्यसैगरी, 'ओपनर' कुशल भुर्तेल एक रनमा नै आउट भए । सन्दीप लामिछाने २२, आसिफ शेख २०, भीम सार्की १८, गुलशन झा १५, कुशल मल्ल १२, दीपेन्द्रसिंह ऐरी आठ, सोमपाल कामी ६ तथा कप्तान रोहितकुमार पौडेल पाँच रनमा आउट भए । नेपाललाई सस्तैमा समेट्ने क्रममा क्यानडाका तीव्र गतिका 'बलर' डिलोन हेलिगरले पाँच विकेट लिएभने अखिल कुमार र अंश पटेलले समान दुई-दुई विकेट लिए । त्यस्तै, सादविन जाफरले एक विकेट झारे ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको क्यानडाले निर्धारित ५० ओभरमा आठ विकेट गुमाउँदै दुई सय ५३ रनको योगफल बनाएको थियो । उसका लागि कप्तान निकोलस किर्टोनले सर्वाधिक ७३ रनको योगदान गरे । उनले ४४ बलमा तीन चौका र ६ छक्कासहित ७३ रनको अविजित इनिङ खेलेका हुन् ।

यसैगरी, नवनीत धालिवालले ४८, डिलोन हेलिगर ३०, हर्ष थाकेर २७ रन जोड्दा परगत सिंह र साद बिन जाफरले समान १७ /१७ रन बनाए । त्यस्तै, आरोन जोनसनले १० रन बनाए । नेपालका सोमपाल कामी र ललित राजवंशीले समान दुई-दुई विकेट लिएभने सन्दीप लामिछाने, गुलशन झा र रोहित पौडेलले समान एक-एक विकेट लिए । अब नेपालले बुधबार ओमानसँग खेल्नेछ ।

# भुटान र ताइपेइ जान लागेको नेपाली टोलीको विदाई



काठमाडौं (जस)- साफ अन्डर १७ च्याम्पियनसिप २०२४ का लागि भुटान जाँदै गरेको राष्ट्रिय यू १७ टोली र एसियन कप यू २० छनोटका लागि ताइपेइ जाँदै गरेको राष्ट्रिय यू २० टोलीको विदाई गरिएको छ । मंगलबार काठमाडौंमा आयोजित एक कार्यक्राबाट राष्ट्रिय अन्डर १७ र अन्डर २० टोलीलाई बिदाइ गरिएको हो ।

सोही समारोहमा युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले कमी कमजोरीलाई सुधार गर्दै आफ्नो क्षमता प्रदर्शन गर्न शुभकामना दिएका छन् । उनले भने, 'तपाईहरु जुन खेलको लागि जादैं हुनुहुन्छ त्यहाँ आफ्नो व्यक्तिगत प्रतिनिधित्व गर्न होइन नेपालको प्रतिनिधि भएर जादैं हुनुहुन्छ । गौरव गर्न लायकको इतिहासलाई आधार बनाएर खेल्न र आफ्नो क्षमता प्रदर्शन गर्न शुभकामना दिन चाहन्छु ।' यसको साथै, उनले दशरथ रङ्गशालाको काम छिटोभन्दा छिटो सम्पन्न गरेर हस्तान्तरण गर्ने कोशिसमा रहेको पनि बताए । उनले भने, 'दशरथ रङ्गशालाको कुरा चर्चामा आइरहेको छ । म विश्वास दिलाउन चाहन्छु छिटोभन्दा छिटो रंगशाला हस्तान्तरण गर्ने कोशिसमा छु ।'

# एन्फा महिला लिग फुटबलमा एपिएफ विजयी



काठमाडौं (जस)- एन्फा महिला लिग फुटबल प्रतियोगितामा सङ्कटा क्लबलाई विभागीय टोली नेपाल एपिएफले हराएको छ ।

सातदोबाटोस्थित अखिल नेपाल फुटबल सङ्घ (एन्फा) मैदानमा मंगलबार भएको खेलमा एपिएफले सङ्कटाविरुद्ध ३-० को जित निकालेको हो । यो जितसँगै छ खेलमा १६ अङ्क जोडेको एपिएफ शीर्षस्थानमा छ ।

प्रतियोगिता सङ्कटा समान छ खेलबाट पाँच अङ्कका साथ सातौं स्थानमा छ । एपिएफको जितमा सरु लिम्बू, अनिता केसी र सविता रानामगरले समान एक-एक गोल गरे । खेलको १३औं मिनेटमा सरुको गोलमार्फत एपिएफले अग्रता लिएको थियो । खेलको ५०औं मिनेटमा अनिताले अर्को गोल गरेर टिमको हौसला बढाइन् ।

खेलको ६४औं मिनेटमा सविताले गोल गर्दै एपिएफलाई सहज जित दिलाइन् । एन्फाको आयोजनामा जारी लिगमा १० टोलीत्रबीच स्पर्धा हुँदैछ ।

# विश्वकप क्रिकेटमा महिला र पुरुषको पुरस्कार बराबर




काठमाडौं (जस)- अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आइसीसी) ले ऐतिहासिक निर्णय गर्दै महिला र पुरुष टी-२० विश्व कपको पुरस्कार रकमलाई बराबरी बनाएको छ । यो निर्णयलाई क्रिकेटको इतिहासमा कोषेढुंगा सावित हुने अपेक्षा गरिएको छ । आईसीसीले २०२४ को महिला टी-२० विश्व कपको पुरस्कार रकम ७९ लाख ५८ हजार ८० अमेरिकी डलर तोकेको छ । यो अघिल्लो संस्करणको तुलनामा २२५ प्रतिशत वृद्धि हो । विजेताले २.३४ मिलियन डलर पुरस्कार प्राप्त गर्ने छन् भने उपविजेताले १.१७ मिलियन डलर प्राप्त गर्ने छन् ।

प्रमुख टोली खेलहरूको बीचमा पुरुष र महिला विश्व कपको पुरस्कार रकम बराबरी गर्ने एक मात्र खेलको रुपमा क्रिकेट बनेको छ । विजेताका लागि पुरस्कार: २.३४ मिलियन डलर (२०२३ मा १ मिलियन डलर) उपविजेताका लागि पुरस्कार: १.१७ मिलियन डलर (२०२३ मा ५००,००० डलर) सेमिफाइनलमा परेका टोलीहरू: प्रत्येकलाई ६७५,००० डलर (२०२३ मा २१०,००० डलर) सम्पूर्ण पुरस्कारको रकम: ७,९५८,०८० डलर (२०२३ मा २.४५ मिलियन डलर) २०२४ को महिला टी-२० विश्व कप संयुक्त अरब इमिरेट्समा हुँदै छ । उक्त विश्वकपमा १० टोलीले २३ खेल खेल्नेछन् । विश्वकप ३ अक्टोबरबाट सुरु हुनेछ । उद्घाटन खेलमा बंगलादेशले स्कटल्याण्डसँग प्रतिस्पर्धा गर्ने छ ।

# सत्रौं दसैंगीत ल्याउँदै विष्णु खत्री



काठमाडौं (जस)- दसैंगीतका पर्याय बनेका लोकगायक विष्णु खत्रीले आफ्नो सत्रौं दसैंगीत ल्याउने तयारी गरेका छन् । बडादसैंको अवसर पारेर उनको नयाँ गीत 'रित्तो भकारी...' सार्वजनिक हुन लागेको हो । विसं २०६४ यता खत्रीले सालिन्दा दसैंगीत ल्याउँदै आएका छन् । उनको पहिलो दसैंगीत 'सुनको जलप...' हो । उक्त गीत तत्कालीन समयमा चर्चित बनेको थियो ।

पछिल्लो समय खत्रीले गीत सार्वजनिक गरेपछि दसैंको माहोल आउने श्रोता/दर्शकको प्रतिक्रिया छ । 'विष्णु खत्रीको गीत आएपछि बल्ल दसैं आउँछ' भन्ने प्रतिक्रिया आउने गरेको उनले बताए । "यसपालिको गीतले देशको वर्तमान अवस्था र नेपालीको मनोदशालाई चित्रित गर्ने प्रयास गरेको छ", खत्रीले भने, "गीतको चलदृश्य छायाङ्कनको काम भइरहेको छ, चाँडै मेरो युट्युब च्यानलबाट सार्वजनिक गर्ने तयारी छ ।"

सत्र वर्षको अन्तरालमा पनि खत्रीका हरेक दसैंगीतका विष्य, अन्तर्य र भावभूमि करिब उस्तै छन् । उनका प्राय: गीतमा प्रवासिएका नेपाली र तिनका स्वजनका दु:ख, बेदना समेटिएका पाइन्छन् । मार्मिक सिर्जना र ग्रामीण परिवेशको झझल्को खत्रीका दसैंगीतका विशेषता हुन् । समाजका गम्भीर मुद्दामा सरल र बोधगम्य प्रस्तुति दिन खत्री पारङ्गत छन् । "हरेक सिर्जनामा नेपाली जनजीवन र सामाजिक यथार्थको चित्रण गर्ने इमान्दार प्रयास मबाट हुन्छ", खत्रीले भने, "दसैंगीतले मलाई भिन्नै चिनारी दिएको छ, कतिपय स्रोताले त विष्णु खत्रीको गीत आएपछि बल्ल दसैं आउँछ भनेर रमाइलो ढङ्गले प्रेरित पनि गर्नुहुन्छ ।"

दुई दशकदेखि लोकसङ्गीतमा सक्रिय खत्रीका बडादसैं, तिहार, तीजजस्ता पर्वका अवसरमा मौलिक गीत सार्वजनिक हुँदै आएका छन् । अघिपछि पनि उन समाजका विविध मुद्दालाई गीतमार्फत उठान गरिरहनुहुन्छ । गत वर्षको बडादसैंमा खत्रीले 'दसैं-तिहार गाउँमा...' ल्याएका थिए । त्यसअघि उनका 'दसैं-तिहार सँगै मनाउँला', 'रिनै रिनको', 'दसैंमा आउ प्यारा', 'जहाजको टिकट', 'कति रुनी हो'लगायत गीत सार्वजनिक भएका थिए ।

पहिलो दसैंगीत 'सुनको जलप...' मा खत्रीलाई गायिका विमाकुमारी दुराले साथ दिएका थिए । पछिल्ला गीतमा उनले विभिन्न गायिकासँग सहकार्य गर्दै आएका छन् । प्राय: सबै गीतमा शब्द र सङ्गीत गायक खत्रीकै हुन्छ । खत्रीका दसैंगीतबाहेक 'भरिया दाइ', 'कि लास चाहियो कि लास चाहियो', 'जम्मु काश्मिरमा'लगायत दर्जनौं लोक तथा दोहोरी गीत चर्चित छन् । बागलुङको गलकोट नगरपालिका-७ मल्ममा जन्मेका उनी सांस्कृतिक अध्ययन तथा अनुसन्धान परिषद् नेपालको उपाध्यक्षसमेत रहेका छन् ।

# तिहार रिलिजबाट पछि हट्यो 'मायावी'




काठमाडौं (जस)- अभिनेता पल शाह र अभिनेत्री दीपिका प्रसाइँको अभिनित फिल्म 'मायावी' को रिलिज मिति पछि सरेको छ । यस अघि कात्तिक १५ गते (लक्ष्मीपूजा) मा प्रदर्शन हुने भनिएको मायावी अब पुस २६ गते प्रदर्शन हुने भएको छ । यो मितिमा नेपाली र विदेशी गरी लगभग ५ वटा फिल्म पुगेपछि 'मायावी' को प्रदर्शन मिति सारिएको हो ।

फिल्मका निर्देशक दिवाकर भट्टराईले दुवै चलचित्रलाई शुभकामना दिदैं मार्ग प्रसस्त गरेको र मायावी पुस २६ गते रिलिज हुने जानकारी दिएका छन् । 'मायावी'ले प्रदर्शन मिति घोषणा गर्दा लक्ष्मीपूजामा नेपाली फिल्म 'एक्टर: टेक वान' आउने निश्चित थियो तर पछि अर्को नेपाली फिल्म 'पूर्ण बहादुरको सारंगी' थपियो ।

पल अभिनित रावायण बक्स अफिसमा फ्लप भएपछि निर्माताले तत्कालका लागि मिति पछि सारेको विश्लेषण गरिएको छ । अब यो फिल्म पुष २६ मा मायावी अर्को फिल्म कार्साङ्सँग भिड्ने भएको छ ।

दीवाकर भट्टराईको लेखन तथा निर्देशनमा बनेको फिल्मको निर्मातामा राज कटुवाल, चन्द्र पन्त र ध्रुव न्यौपाने छन् । यसमा प्रशान्त ताम्राकार, सुशील सिटौला, राजाराम पौडेल, करिश्मा श्रेष्ठ लगायतको पनि अभिनय छ ।

# देशमा पर्यटकको संख्या वृद्धि गर्न सरकारदेखि व्यवसायी सबै लागेको छ : अध्यक्ष शाह

काठमाडौं (जस)-होटल संघ नेपालको अध्यक्ष विनायक शाहले नतिजामूलक र जनतालाई फाइदा दिने काममा सबै तत्पर भएर लागेको बताएका छन् । मंगलबार काठमाडौंमा आयोजित एक कार्यक्रममा उनले पर्यटक भित्राउने र जनतालाई फाइदा दिने काममा सरकार, पर्यटन बोर्ड लगायत सबै लागेको बताए । उनले भने, 'हामीले जुन काम गरिरहेका छौं, त्यसले नतिजा दिनुपर्छ । काम मात्र गरेर त भएन, बढिभन्दा बढि पर्यटक ल्याउने, देश र जनतालाई फाइदा दिने खालको कामको लागि सरकार, पर्यटन बोर्ड लगायत हामी सबै जना लागेका छौं । सबै जना मिलेर अगाडि बढेको खण्डमा नयाँ प्रयोग र विकास सम्भव हुन्छ ।'

यस्तै, उनले एनआरएनएहरुले अन्तराष्ट्रिय स्तरमा नेपालको प्रमोशन गर्नको लागि प्रत्यक्ष योगदान गर्ने गरेको पनि बताए । उनले भने, ' एनआरएनएहरुले विदेशमा बसेर उल्लेखनिय काम गरेर सफलता हासिल गर्नु भएका व्यक्तित्वहरुको समूह यसमा संलग्न हुनुहुन्छ ।

हामीले आज सुरु गरेका काममा उहाँहरुको प्रत्यक्ष योगदान रहने छ । यसको साथै उहाँहरुले दिनु भएको प्रवृत्तिको पनि महत्वपूर्ण भूमिका छ । अन्तराष्ट्रिय स्तरमा पनि नेपालको प्रमोशन गर्नको लागि उहाँहरुको प्रत्यक्ष योगदान रहेको छ ।'देशमा रहेका २५ वटा ठूला ५ तारे होटलहरु मध्ये १९, २० वटा ठूला अन्तराष्ट्रिय चेनले चलाएका होटलहरु रहेको भन्दै यो नेपाल र यहाँको अर्थतन्त्रको लागि ठूलो कुरा भएको उनको भनाई छ ।

# मलेखु-मुग्लिन सडक स्तरोन्नति सुस्त

चितवन(जस)-मलेखु-मुग्लिन सडक स्तरोन्नति सुस्त भएको छ । तीन वर्षभित्र सम्पन्न गर्नेगरी सम्झौता भएकोमा डेढ वर्ष बित्दा समेत १६ प्रतिशत मात्रै भौतिक प्रगति देखिएको छ । पृथ्वी राजमार्गमा पर्ने नागढुङ्गा-मुग्लिन सडक खण्डलाई दुई भागमा विभाजन गरी स्तरोन्नति थालिएको हो । उक्त सडक खण्ड ३९ किलोमिटर छ । नागढुङ्गा-मुग्लिन सडक योजनाको यो पश्चिम खण्ड हो ।

नागढुङ्गा-मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ-मुग्लिन)का सूचना अधिकारी ई कृष्ण आचार्यका अनुसार नक्साङ्कन परिवर्तन, वर्षात र चाडपर्वका कारण काम लक्ष्यअनुसार हुन नसकेको हो । भारतीय परामर्शदाता कम्पनीले तयार गरेको विस्तृत अध्ययन प्रतिवेदनमा तथ्याङ्क गलत भएपछि सुधार गरेर पुनः तयार गर्दा थप छ महिना काम गर्न नपाएको आचार्यको भनाइ छ ।

उनका अनुसार हाल पाँचवटा पुलको जग र पिल्लर निर्माण भएको छ । नाली निर्माण, मोड सुधार, टेवा पर्खालको काम, कल्भर्ट विस्तार र सडक चौडा भइरहेको छ । यस सडकका आठ पुलमध्ये छ पुल निर्माणका लागि ठेक्का लागेको थियो । तीमध्ये पाँचवटाको काम भइरहेको उनले जानकारी दिए । हुग्दी खोलाको पुल क्षतिपूर्तिको प्रक्रिया नटुङ्गिएकाले काम सुरु हुनसकेको छैन । हुग्दीको पुल वर्षातपछि थालिने उनले बताए । सडक स्तरोन्नति विश्व बैंकको सहयोगमा थालिएको हो ।

शर्मा-जेडआई सिजी जेभीले रु चार अर्ब ८० करोडमा ठेक्का सम्झौता गरेको छ । यो योजनाअन्तर्गत पृथ्वी राजमार्गमा 'डेडिकेटेड' दुई लेनको सडक बनाइँदैछ । हाल यो सडकको चौडाई सात मिटर छ । अब सडक कम्तीमा नौ मिटर चौडाइको बन्ने आयोजना कार्यालयले जनाएको छ । बाक्लो बस्तीका चार ठाउँमा सडक चार लेनको बन्नेछ । विशालटार, मझिमटार, कुरिनटार र चुम्लिङटारमा गरेर सात दशमलव १५ किलोमिटर सडक चार लेनको बन्ने छन् । चार लेन सडक १४ मिटर फराकिलो हुने जनाइएको छ । राजधानी बाहिरिने र प्रवेश गर्ने प्रमुख सडक भएकाले उच्च सवारी चापका बाबजुद् काम गर्नुपरेको उनको भनाइ छ । वर्षात्को समयमा काम गर्न कठिन भएकाले हिँउद लागेपछि कामले तीव्रता पाउने उनले बताए ।

# प्रदेश सरकारले वास्तविक किसानसम्म अनुदान पुऱ्याउने

धुलिखेल (काभ्रेपलाञ्चोक)(जस)-यहाँको पनौती नगरपालिका कुशादेवीका किसान राजेन्द्र थापाले आलुको बीउ उत्पादन गर्ने 'टिस्यूकल्चर' प्रयोगशाला सञ्चालन गर्न दिए पनि बीउ उत्पादनका लागि अत्यावश्यक 'केमिकल' भित्रचाउन सरकारले रोक लगाउँदा बीउ उत्पादन गर्न नपाएको गुनासो गरे । कृषि विकास कार्यालय, पशुसेवा कार्यालय र बागवानी विकास केन्द्र पाँचखालको संयुक्त आयोजनामा सोमबार धुलिखेलमा आयोजित गत वर्षको समीक्षा र चालु आवको वार्षिक कार्यक्रम प्रस्तुतिमा थापाले यो गुनासो गरेका हुन् ।

उनले आवश्यक केमिकल प्रयोग गर्न नपाएकै कारण करोडौं घाटा व्यहोरिरहनुपरेको जानकारी दिए । कृषक वा प्रयोगशालाले प्रयोग गर्ने केमिकललाई राज्यले आवश्यकताका आधारमा भित्रचाएर वितरण गरिदिन उनको आग्रह छ । मण्डनदेउपुर नगरपालिकाका अर्का किसान गोविन्दप्रसाद नेपालले मसला बाली विकास केन्द्र पाँचखालबाट आलुको बीउ लाने गरेकामा गत वर्षदेखि उक्त केन्द्रमा बीउ नपाएपछि समयमा आलुखेती गर्न नपाएको बताए ।

पनौती नगरपालिकाकी उपप्रमुख गीता बञ्जाराले प्रदेश सरकारबाट वितरित अनुदान वास्तविक किसानसम्म नपुगेको बताइन । सङ्घसंस्थामार्फत वितरण गर्नुभन्दा प्रत्यक्ष किसानलाई वितरण गर्नेगरी योजना र कार्यविधि बनाएर स्थानीय तहसँग समन्वय गर्न प्रदेश सरकारलाई उनले आग्रह गरिन । भुम्लु गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर भुजेलले संविधानतः तीन तहको सरकारको व्यवस्था भए पनि जिल्लास्थित विषयगत कार्यालयबाट बजेट विनियोजन हुने हुँदा किसान प्रस्ताव माग गर्न झोला बोकेर चार ठाउँमा धाउनुपर्ने अवस्थाको अन्त्य नभएको बताउँछन् । जुन सरकारबाट बजेट व्यवस्थापन गरे पनि स्थानीय सरकारको जिम्मामा कार्यान्वयन गर्न लगाई विषयगत कार्यालयबाट ज्ञान, सीप र प्रविधिको उपयोग वा वितरण गर्ने व्यवस्था गरेमा किसानले भौतारिएर हिंड्नु नपर्ने उनको भनाइ छ । बनेपा नगरपालिका प्रमुख शान्तिरत्न शाक्यले पशु बीमा नगरपालिकाबाट सुरु गरिसकेको बताउँदै त्यसका लागि प्रदेश सरकारले आवश्यक बजेट व्यवस्थापन गर्न आग्रह गरे ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सुचना

**तेस्रो पटक प्रकाशित मिति :२०८१/०६/०२**

**सिल्भर एरोज प्रा.लि.**को मिति २०८१/०५/०७ गते सम्पन्न बार्षिक/ बिषेश साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मेगा विजनेश ग्रुप प्रा.लि.(प्रा.लि. नं.२४०१९३)** कायम गर्ने गरी मिति २०८१/०५/१३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यलयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधरण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

## श्री पब्लिक माध्यामिक विद्यालय

फोन नं. ०२१-५८००८०

रंगेली-६ मोरङ

स्था.२००८ साल

### बोलपत्र आह्वानको सूचना

दोश्रो पटक सूचना प्रकाशित मिति : (२०८१/०६/०१)

रंगेली नगरपालिका अन्तर्गत श्री पब्लिक मा.वि. रंगेली -६ को विद्यालयमा रहेका उत्तर तर्फको पुरानो मुल भवन संगै छात्राबास घरको दक्षिण पश्चिम दुई कोठा (बोलपत्र दाताले चाहेमा हेर्न सक्ने ) भत्काई त्यहाँ भएका ईटा, फलाम र काठ शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले नागरिकताको प्रतिलिपी वा ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीले आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र (आ.व. २०७९/०८० ) सम्म नविकरण भएका मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरुको प्रतिलिपी सँलग्न गरी यस कार्यालयबाट खरिद गरिएको बोलपत्र फारम भरी आफुले कबोल गरेको रकमको १० प्रतिशत बराबरको रकम यस विद्यालयको नाममा नेपाल बैंक लिमिटेड शाखा रंगेली, मोरङमा रहेको धरौटी खाता नं. ०३१००१०११४८००८००००१ मा जम्मा गरेको भौचर सँलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन सम्म कार्यालय समय भित्र यस पब्लिक मा.वि.बाट बोलपत्र फारम रु. २,०००।- ( फिर्ता नहुने गरी) मा खरिद गरी १६ (सोह्र) औं दिनको १२:०० बजे भित्र कार्यालयमा शिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । दर्ता भएको प्रस्तावहरु सोही दिन अपरान्ह २:०० बजे पछि खोलिने छ।

| सि.नं. | सामानको विवरण | न्यूनतम मूल्य (मु.अ.कर वाहेक) | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री पब्लिक मा.वि रंगेली-६ मा रहेका उत्तर तर्फको पुरानो भवन संगै छात्राबास घरको दक्षिण पश्चिम दुई कोठा भत्काई त्यहाँ भएका ईटा, फलाम र काठ विक्रि | रु. ३३,८४,९२३.३५ (रु.तेत्तिस लाख चौरासी हजार नौ सय तेइस रुपैंया मात्र पैंतिस पैसा) | रु. २,०००.०० | |

सम्पर्क नं. ९८४८३०१८६३

प्रधानाध्यापक

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८१/०६/०२)

यस कार्यालयबाट देहायका निर्माण कार्यका लागी देहायको मितिमा सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको देहायको बोलपत्र आह्वानको सूचना अनुसार रितपूर्वक पेश हुन आएका बोलपत्रहरुमध्ये देहायको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई स्विकृत गर्ने निर्णय भएकाले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७(२) तथा स्विकृत Bidding document को ITB 33.1 को प्रयोजनार्थ सबैको जानकारीका लागी यो आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र. सं. | ठेक्काको विवरण | बोलपत्र सूचना प्रकाशित भएको मिति | स्वीकृत बोलपत्रदाताको नाम र ठेगाना | स्विकृत रकम (रु.) |
|---|---|---|---|---|
| 1. | Upgrading of Lamachaur Football Stadium, Lisankhu Pakhar RM-07, LPRM/Works/FG/NCB/081/82-05 | २०८१ साउन, २४ गते | Mokan and Bomjan Builders Pvt. Ltd, Kathmandu | ६०,०३,२१८.८३/- |

**लिसंखु पाखर गाउँपालिका**
**अत्तरपुर, सिन्धुपाल्चोक**

## Hariharpurgadhi Rural Municipality
## Office of the Rural Municipal Executive
**Jhanjhane, Sindhuli**
**Bagamati Province, Nepal**

### Invitation For Bids

**Contract Indentification No. 01/2081/82/HRM/02/2081/82/HRM**
**First Date of publication: 2081/06/02**

1. Office of the rural Municipal Executive, Hariharpurgadhi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Hariharpurgadhi Rural municipality,Jhanjhane,Sindhuli (hariharpurgadhi@gmail.com, 9854042881) or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents can download for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost NRs. 3,000/- of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Citizens Bank International Limited.
   Name of Office: Hariharpurgadhi Rural Municipality.
   Office Account no.: 0730100000001202
   Rajaswa (revenue) Shirshak.: Antarik Rajashwo khata.(Ga 1.1)
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before 12:00 noon on 2081/07/02 Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 2081/07/02 at the office of Hariharpurgadhi Rural Municipality,Sindhuli. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format for e-bid, which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid Security amount in Bank:
   Name of the bank: Citizens Bank International Limited, Hariharpurgadhi Branch.
   Name of office: Hariharpurgadhi Rural Municipality, Sindhuli.
   Dharauti khata no.: 0730100000023201
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

| Contract no./ID | Description of works | Total Estimated Amount (With VAT) NRS. | Bid Security Amount (NRS) | Bid Document Fee (NRS) | Remarks |
|---|---|---|---|---|---|
| 01/2081/82/HRM | Bhiman Kauwa Ragechuri Dhimile Sadak, Hariharpurgadhi RM-6, Sindhuli. | 1,17,35,559.45/- | 2,94,000/- | 3,000/- | |
| 02/2081/82/HRM | Bhutah Barun Sadak, Hariharpurgadhi -7, Sindhuli. | 96,97,969.74/- | 2,43,000/- | 3,000/- | |

**Chief Administrative Officer**

## Birtamode Municipality
## Office of Municipal Executive
**Birtamode, Jhapa**
**Koshi Province, Nepal**

### INVITATION FOR BID

**Date of second publication: 18th September,2024 (2081/06/02)**

1. **Birtamode Municipality** invites electronic bids from eligible bidders for the procurement of the following works under Sealed Quotation (SQ) procedures:

| S.N. | Contract Identification No. | Description | Estimate Amount (With Vat & PS) Nrs | Bid Security Nrs | Cost of Bid Document Nrs | Last Date of Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | BTMMUN/ GOODS/ SQ/02/081/82 | Procurement & Supply of natural Sand Gravel Subbase (RBM) materials at Birtamode Municipality | 19,53,020.08/- | 52,000/- | 1,000/- | At 12:00 Noon of 17th Ashoj, 2081 | At 14:00 Noon of 17th Ashoj, 2081 |

2. Eligible Bidders may refer complete set of Bid Documents for further information and Office of Birtamode Municipality, Birtamode, Jhapa or visit PPMO's website: www.bolpatra.gov.np/egp. Bidders shall have the option of submitting their bids electronically only.

**Chief Administrative Officer**

## Ratnanagar Municipality
## Office of Municipal Executive
**Ratnanagar**
**Chitwan, Nepal**

### Notice for Invitation of Bid

**First Date of publication: 2081-06-2 (18th Sep, 2024)**

Ratnanagar Municipality, Chitwan invites electronic bids from Nepalese eligible bidders for the Construction of following project of Ratnanagar Municipality under National Competitive Bidding procedures.

| SN | Name of Project | IFB No: | Estimated Amount without VAT/PS | Bid security amount in NRs. | Bid Document fee amount in NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Box Culvert , Baluwa mahuta Road infrastructure and asphalt road , Jor Simal Culvert & Nala at ratnanagar, 5, 13 and 15. | RAT/CHITWAN/ works/NCB/15/2081-82 | 9713502.96 | 320000.00 | 3000.00 | |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at ***PPMO website http://www.bolpatra.gov.np/egp or may visit website*** of Ratnanagar official website ( ***http://www.Ratnanagarmun.gov.np*** ). The Last date of submission of bid is 18th Oct 2024 (2081-07-2) till 12:00 noon time.

……………………………

**Chief Administrative Officer**

का.जि.प्र.का.द.नं. ९८०/०६४/०६५
म.क्षे.हु.नि.द.नं. ०३/०७०/७१
जन सवाल

# एनसेलले १९औं वार्षिकोत्सवमा फाउण्डेसन घोषणा




काठमाडौं(जस)-नेपालको पहिलो निजी क्षेत्रको जीएसएम मोबाइल सेवा प्रदायक कम्पनी एनसेलले व्यावसायिक सामाजिक जिम्मेवारी (सीएसआर) का परियोजनाहरु सञ्चालन गर्न एनसेल फाउण्डेसन घोषणा गरेको छ। नेपाल र आम नेपालीलाई दूरसञ्चार सेवामार्फत जोड्न थालेको आफ्नो यात्राको १९औं वार्षिकोत्सव मनाएको छ।

विगतका १९ वर्षमा एनसेलले १ करोड ३० लाखभन्दा बढीको जीवनमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा लाभ प्रदान पार्दै स्वास्थ्य, शिक्षा, बातावरणलगायत विभिन्न क्षेत्रमा सामाजिक कार्यहरु गरि २ अर्ब १ करोड ५० लाख अमेरिकी डलर भन्दा बढिको योगदान गरेको कम्पनीले जनाएको छ। एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्वोर कायुमोभले भने 'हाम्रा सबै राम्रा कार्यलाई एउटै उद्देश्य र छातामुनि ल्याउनु महत्वपूर्ण छ भन्ने कुरामा विश्वास गरेर एनसेल फाउन्डेसनको स्थापना गरेका हौं।'

कार्यक्रममा कम्पनीले थप समावेशी, कनेक्टेड र दिगो नेपाल विकासमा सघाउनु र दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि योगदान पुरयाउनु फाउन्डेसनको भिजन रहेको बताएको छ। कम्पनीका अनुसार फाउण्डेसनको उद्देश्यहरुमा सामाजिक कार्यको धेरै आवश्यक भएकालाई सहयोग गर्ने, डिजिटल डिभाइडलाई कम गर्ने र थप स्वस्थ दिगो र समृद्ध नेपाललाई बढावा दिने रहेको छ। एनसेलले हितको पक्षमा सामाजिक कार्यहरु गरेको उल्लेखनीय ट्यांक रेकर्ड गरेको जनाएको छ।

२०७२ सालको विनाशकारी भूकम्पपछि एनसेलले भूकम्प प्रभावित परिवारहरुको सहयोगार्थ प्रधानमन्त्री राहत कोषमा १० करोड रुपैयाँ प्रदान गरेको छ। साथै आफ्ना परिवारजन तथा आफन्तहरुसँग सम्पर्कमा रहि रहन कम्पनीले ग्राहकहरुलाई १ अर्ब ६० करोड बराबरको सेवा सुविधाहरु निःशुल्क उपलब्ध गराएको एनसेलले जनाएको छ।

कोभिडको महामारीका बेलामा सरकारले कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थापना गरेकी कोषमा १० करोड योगदान गर्ने एनसेल पहिलो निजी कम्पनी रहेको बम्पनीले जनाएको छ।। कम्पनीका अनुसार गत वर्षको जाजरकोट भुकम्पपछि एनसेलले भूकम्प पीडितको उद्धार, उपचार र राहतमा तत्काल सहयोग पुर्याउन कर्णाली प्रदेश सरकारलाई रु ५० लाख सहयोग उपलब्ध गराएको थियो र भुकम्प प्रभावित क्षेत्रका १० विद्यालयहरुलाई कक्षा कोठा बनाउन पनि सहयोग प्रदान गरेको थियो।

त्यसैगरी २०७१ सालमा देशका विभिन्न भागमा आएको बाढी र पहिरोजस्ता प्राकृत्तिक विपत्तिका पीडितहरुको राहत तथा उद्धारका प्रधानमन्त्री प्राकृतिक विपत्ति राहत कोषलाई २० करोड सहयोग प्रदान गराएको कम्पनीले जनाएको छ। १९औं वार्षिकोत्सवको कार्यक्रममा एनसेलले आगामी ५ वर्षमा कम्पनीले कम्तिमा २० करोड सामाजिक पहलहरुमा योगदान गर्ने प्रतिवद्धता जनाएको छ। सोही कार्यक्रममा कम्पनीले हालै मात्र पेरिस पारालिम्पिक्स २०२४ मा नेपालको लागि पहिलो पदक जितेर इतिहास रचेकी पारा खेलाडी पलेशा गोवर्धनलाई सम्मान पनि गरेको छ। जाब्वोर गत वर्ष एनसेलले कसरी पलेशालाई सहयोग गर्ने निर्णय लियो भन्ने बारेमा पनि बताए।

एक वर्ष अघि कम्पनीको वार्षिकोत्सवको अवसरमा हामीले पारालिम्पिक कमिटी नेपालसँग भेट गरी हामी तपाईहरुक संस्थामार्फत पारा खेलाडीहरुको विकासको लागि सहयोग गर्न चाहन्छौ भन्दा उहाँहरुले विश्वास गर्न सक्नुभएको थिएन। यो एक नितान्त सामाजिक पहल अन्तर्गत जहाँसहयोग पुगेको छैन त्यो क्षेत्रमा सहयोग पाउने उद्देश्य अनुरुप गरिएको सहकार्य थियो जाब्वोरले भने।आफ्नो ब्राण्ड बाचा आज भोलि सधै संगै र एनसेल फाउन्डेसनको शुभारम्भ एनसेलले आफ्नो सामाजिक कार्यको धरातललाई अझै फराकिलो पार्दै समुदायको तल्लो स्तरमा सामाजिक पहलहरूका साथ धेरै भन्दा धेरै मानिसलाई लाभान्वित गर्ने उद्देश्य लिएको जनाएको छ।

कम्पनीका अनुसार एनसेल फाउन्डेसनको आरम्भसँगै १९औं वार्षिकोत्सवको उपलक्ष्यमा नाइन्टिन फर नाइन्टिन परियोजनाको पनि घोषणा गरेको छ। यस पहल अन्तर्गत सातै प्रदेशबाट छानिएका कुल ११ वटा सामाजिक कार्यहरु कार्यान्वयन गरिने छन् र प्रत्येक एक आयोजनाले १० लाख सीड फण्डको रुपमा सहयोग प्राप्त गर्नेछन्। गत वर्ष एटीन फर एटीन अन्तर्गत खुला गरिएका परियोजना प्रदेश स्तरमा कार्यान्वयन रहेका कम्पनीले जनाएको छ। नेपालको एक ठूलो करदाताको रुपमा एनसेलले आफ्नो स्थापना काल देखि आज सम्म ३२० अर्ब भन्दा बढी सरकारलाई कर तथा शुल्कहर बुझाई सकेको छ र नेपालको अर्थतन्त्रमा उल्लेखनिय योगदान पुऱ्याएको छ।

कम्पनीका अनुसार १९औं वार्षिकोत्सवको अवसरमा एनसेल फाउन्डेसनले विभिन्न कार्यक्रमहरु जस्तै वृक्षरोपण, शैक्षिक सामग्रि वितरण, स्वास्थ्य शिविर, पाठेघरको मुखको क्यान्सर स्किनिङ, रक्तदान कार्यक्रम, स्किल क्याम्प लगायतका विभिन्न कार्यक्रमहरु आयोजना गर्नेछ। साथै एनसेल व्यवस्थापनका उच्चपदस्त अधिकारीहरु र अन्य कर्मचारीहरु ग्राहकहरूसँग अन्तरकिया गर्न र उनीहरूको माया र निरन्तर सहयोगका लागि व्यक्तिगत रूपमा धन्यवाद दिन देशका विभिन्न भागमा रहेका एनसेल सेन्टरहरू र पोइन्ट अफ सेल्सको भ्रमण पनि गर्ने छन्।

# इसेवाको चाडपर्व अफरमा नयाँ कार जित्न सकिने




काठमाडौं(जस)-नेपालकै पहिलो तथा अग्रणी भुक्तानी सेवा प्रदायक कम्पनी इसेवाले यसपालिको दशैंतिहार र छठ पर्व लक्षित गरेर इसेवा महाउत्सव इसेवाको कारोबारमा नामीको दामी कार अफर सार्वजनिक गरेको छ। यस अफरअन्तर्गत असोज १ देखि कार्तिक ३० गतेसम्म इसेवाबाट जुनसुकै कारोबार गर्ने प्रयोगकर्ताहरू मध्ये एक भाग्यशाली प्रयोगकर्ताले नयाँ नामी इलेक्ट्रिक कार जित्न सक्नेछन्। कार जित्न योग्य हुनको लागि आफ्नो आवश्यकता अनुरूप इसेवाका जुनसुकै सेवाको प्रयोग वा इसेवाबाट कारोबार गर्दा उक्त बम्पर उपहार जित्ने सकिनेछ।

यसका साथै एक सय रुपैयाँको खेलमा हरेक महिना एक भाग्यशाली प्रयोगकर्ताले आईफोन १६ पनि जित्न सक्नेछन्। मात्र एक सय रुपैयाँमा यो खेल खेल्न सकिनेछ भने त्यो रकम प्रयोगकर्ताहरूले मोबाइल रिचार्जको रुपमा फिर्ता नै पाउनेछन्। त्यसैगरी, दैनिक र साप्ताहिक रुपमा पनि आकर्षक अफर र उपहार जित्न सकिनेछ। दैनिक अफर अन्तर्गत, अफरको समयावधिमा हरेक दिन निर्धारित समयको लागि फ्ल्यास सेलको रुपमा अफर आउने छ।

उक्त सेलमा प्रयोगकर्ताहरुले तोकिएको समयमा अधिकतम छुट तथा क्यासब्याक पाउन सक्नेछन्। साप्ताहिक रुपमा आउने अफरमा भने हरेक हप्ताको मङ्गलबार इसेवाका विभिन्न सेवाहरु मोबाइल रिचार्ज, हवाई टिकट, इन्टरनेट बिल भुक्तानी, इस्पीकर खरिद, बीमा भुक्तानी लगायतका सेवाहरूमा विशेष छुट तथा क्यासब्याक पाउन सक्नेछन्। यी अफरहरूबारे थप जानकारीहरु इसेवाको फेसबुक, इन्स्टाग्राम पेजलगायतका आधिकारिक सामाजिक सञ्जालहरू मार्फत प्राप्त गर्न सकिनेछ।

# आइसरले ल्यायो 'दशैंको हर्ष, आइसरको बर्ष' योजना




काठमाडौं(जस)-कमर्सियल भेहिकलमा अग्रणी विगत ४० वर्षदेखि नेपालको व्यवसायिक सवारीको क्षेत्रमा अत्याधिक ग्राहकहरुले रुचाइएको ब्रान्ड बतास एमएडब्लु, बतास मोरङ्ग अटो वर्क्स कमर्सियल भेहिकल आइसरले दशै तिहार, छठ पर्व चाडलाई लक्षित गर्दै दशौको हर्ष, आइसरको बर्ष अफर योजना ल्याएको छ।

दशौको हर्ष,आइसरको बर्ष अफर योजना अन्तर्गत ग्राहक वर्गहरुका लागि आइसरका कुनै पनि स्कुल बस, कमर्सियल बस, ट्रकको खरिदमा ७० प्रतिशत सम्मको सरल फाइनान्स, २५ लाख सम्मको इन्स्योरेन्स तथा एक्सचेन्जको सुविधा प्रदान गरेको छ। यस योजनाले हाम्रा सबै ग्राहकहरूलाई बिशेष प्राथमिकताका साथ गाडि सञ्चालकहरु, चालकहरू, शिक्षण संस्थाहरू, निर्माण कम्पनीहरू आदि लाई लक्षित गर्दै योजना अर्न्तगत चालकहरूको लागि बीमा (चालक/मालिक),शून्य सेवा लागत,(गाडि सञ्चालकहरु) तथा टुर प्याकेजहरू (निर्माण कम्पनीहरूका लागि),ल्यापटपहरू, प्रोजेक्टरहरू (शिक्षण संस्थाका लागि) योजनामा समावेश गरिएका छन्।

यो योजना यहि असोज १ गते देखि नेपाल अधिराज्यभर लागू हुनेछ। ग्राहकहवर्गले आइसरका देशभरीका शो रुमबाट यो अवसरको लाभ लिन सक्नेछन्।आइसर बतास एमएडब्लुले आधिकारिक रूपमा आइसरका गाडीहरु बिक्रि गर्दै आईरहेकोछ। बतास समूह र मोरङ अटो वर्क्सको गठबन्धनले नेपालमा आइसरको क्षितिज फराकिलो गर्दै काम गरिरहेको छ। नेपालमा आइसरका ११ शाखाहरु,४ डिलर र १६ सहित देशैभर व्यवसायिक सवारी साधनहरू उपलब्ध गराउँदै आएको छ।

ग्राहक वर्गले आइसरका विद्यमान दायराहरूमा विस्तृत विकल्पहरू ४ पाङ्ग्रे ट्रकदेखि १६ पाङ्गाहरू, ५ टनदेखि २५ टन लोडिङ क्षमताका उत्पादनहरु छनोट गर्न सक्नेछन्। साथै आइसरले अत्याधुनिक नाइट बस पनि भित्राइसकेका छौं। यस्ले नेपालमा विद्यमान लामो रुटका बसमा बिधमान समस्याहरुलाइ हल गर्ने लक्ष्य लिएको जानकारी कार्यकारी निर्देशक दिपक अग्रवालले गराए। आइसर विश्व भर ७० भन्दा बढी देशहरूमा फैलिएको छ। आइसरले भोल्भो र आइसरका संयुक्त परियोजनामा विविध मूल्य र प्रयोजनका लागि नयाँ प्रविधिका साथ विभिन्न उत्पादनहरू बजारमा उपलब्ध गराउदै आइरहेको छ।

# सानिमा रिलायन्स इन्स्योरेन्सको बच्चा जन्मेपछि दिने उपहार 'मेरो मुटु' सार्वजनिक




काठमाडौं(जस)-आफ्नो बच्चा जन्मेपछि यसलाई राम्रो बनाउनुपर्छ, यो सबैको मनमा आउने कुरा हो। आफ्नो त यस्तै भयो, बच्चाको भविष्य भने निकै राम्रो होस् सबैले सोच्ने नै यहि हो। सबै आमा बुवाले आफु भन्दा आफ्नो बच्चाको भविष्य राम्रो होस् भन्ने चहना राख्छन् नै। सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेडले एक यस्तो योजना कायम राखेको छ, जुन तपाई हाम्रो बच्चा जन्मेदेखि नै राम्रो भविष्य बनोस् र भविष्यको ग्यारेन्टि राखेको छ।

जन्मेपछि अर्थात् १ महिना भएपछि सानिमा रिलायन्स लाईफको उक्त बीमा योजनामा जोडिन सकिने छ। एक महिनाको उमेर देखि १५ वर्षको उमेर समूहमा मेरो मुटु बाल जीवन योजनामा समावेश हुन सकिने छ। यो बच्चाको बीमा गर्न सकिने तथा प्रस्तावक र बच्चा दुवैको जीवन रक्षावरण एकैसाथ हुनु यस योजनाको विशेषता हो। यस योजनाले बच्चाको दिर्घकालीन आर्थिक सुरक्षा तथा बचतको आस्वस्थता प्रदान गर्दछ।

यो योजना यस्तो छ, जसले बच्चा र प्रस्तावक दुबैलाई लाभ त दिन्छ नै। हरेक महिना आय समेत प्रदान गर्छ। कम्पनीका अनुसार यस योजनामा परिपक्वतामा पाइने सुविधाहरुका साथै बीमा अवधिभरी प्रस्तावकको कुनै पनि कारणले मृत्यु वा दुर्घटनामा अशक्तता भएमा सो घटना पश्चातको बाँकी सबै बीमा शुल्क मिनाहा हुनेछ। साथै बीमांक रकमको १ प्रतिशतको दरले हुन आउने रकम आयको रुपमा बीमाअवधी भरी हरेक महिना प्रदान गरिने छ जसले गर्दा बच्चाको भविष्य निर्माणमा विशेष मद्दत कम्पनीको भनाई छ।

बीमा अवधि सकिनु अघि नै बीमितको देहान्त भएमा ४ प्रकारको सुविधा पाइने छ। पहिलो प्रकारबच्चाको उमेर १ महिना देखि २ वर्ष सम्मभएमा बीमाङ्क रकमको ४० प्रतिशत नियामानुसारको आर्जित बोनस पाइने छ। २ वर्षदेखि ४ वर्ष सम्म भएमा ६० प्रतिशत आर्जित बोनस, ४ वर्ष देखि ६ वर्ष सम्म भएमा ८० प्रतिशत बोनस् र ६ वर्ष भन्दा माथि भएमा सत प्रतिशत बोनस पाइने छ। दावी बीमाङ्कको २५प्रतिशत रकम बीमितको मृत्यु भएको समयमा र बीमाङ्कको ७५ प्रतिशत र बीमितको मृत्यु हुँदा सम्म आर्जित नियमानुसारको बोनस रकम बीमा अवधि समाप्त हुँदा भुक्तानी दिइने कम्पनीले जनाएको छ।

# मनकामना केबलकार 'डिजिटल' प्रविधिमा सञ्चालन



काठमाडौं(जस)-मनकामना केबलकार आजदेखि पुनः नियमित सञ्चालनमा आएको छ। मनकमना दर्शन प्रालिद्वारा सञ्चालित नेपालको पहिलो 'केबलकार' अब 'डिजिटल' प्रविधिमा सञ्चालन भएको हो। स्तरोन्नति र मुख्य तारको लट्ठासमेत फेर्नका लागि गत असार ३१ गतेदेखि केबलकार सेवा बन्द गरिएको थियो।

२६ वर्षदेखि 'एनालग' प्रविधिका माध्यमबाट सञ्चालन हुँदै आएको केबलकार 'डिजिटल' प्रविधिमा रुपान्तरण गर्ने कार्य सम्पन्न भएको मनकामना दर्शन प्रालिका नायब महाप्रबन्धक उज्ज्वल शेरचनले जानकारी दिए। अष्ट्रियाको डोप्पलमेयर कम्पनीका इन्जिनियर तथा प्राविधिकको सुपरिवेक्षणमा डिजिटल प्रविधिमा रुपान्तरण गर्ने काम सम्पन्न भएको उनले बताए।

गोरखाको सहिद लखन गाउँपालिकास्थित प्रसिद्ध धार्मिकस्थल मनकामना मन्दिर जाने दर्शनार्थीलाई सहजताका लागि विसं २०५५ मङ्सिर ८ गतेदेखि केबलकार सञ्चालनमा ल्याइएको हो। यस केबलकारको 'बटम स्टेसन' प्रवेशद्वार चितवनको इच्छाकामना गाउँपालिका-४ चेरेसमा छ।

# बर्जर पेन्ट्सले ल्यायो चाडपर्व ग्राहक योजना




काठमाडौं(जस)-बर्जर पेन्ट्स नेपालले मिस नेपाल वर्ल्ड २०२४ आश्मा केसीका साथ चाडपर्व उत्सव अभियान 'बर्जर नगद उत्सव'को घोषणा गरेको छ। बर्जर पेन्ट्सको ४० लिटर खरिद गरी ग्राहकले यस योजनामा सहभागी भई रु. १ लाखसम्मको नगद पुरस्कार प्राप्त गर्न सक्नेछन्।

बर्जर पेन्ट्स नेपालका कन्ट्री म्यानेजर राजीव रोयले भने, 'चाडपर्व भनेको परिवारलाई एकै ठाउँमा ल्याउने समय हो र बर्जर पेन्ट्सले सुन्दर तरिकाले घर रंग्यानु जस्तो चाडपर्व मनाउने राम्रो तरिका अर्को हुँदैन। यस अभियान मार्फत हामी हाम्रा ग्राहकहरूलाई उत्कृष्ट उत्पादनहरूको साथै आकर्षक नगद पुरस्कार जित्ने मौका पनि दिन चाहन्छौं। हामीलाई विश्वास छ चाडपर्वलाई अझ विशेष बनाउँदै यस अभियान नेपालभरका परिवारमाझ रौनक बनेर फैलिने छ।'

यो योजना बर्जर सिल्क ब्रीद इजी, सिल्क ग्ल्यामर ग्लो, सिल्क ग्ल्यामर, सिल्क लक्जरी, इजी क्लिन फ्रेश, इजी क्लिन, वेदरकोट लङ्ग लाईफ, वेदरकोट अल गार्ड फ्लेक्जो र वेदरकोट अल गार्ड जस्ता बर्जरका उत्पादनहरुमा मात्र लागु हुने कम्पनीले जनाएको छ।

# गरिमा विकास बैंकको नायब प्रमुख कार्यकारी अधिकृतमा अनिल रेग्मी नियुक्त



काठमाडौं(जस)-गरिमा विकास बैंक लिमिटेडको नायब प्रमुख कार्यकारी अधिकृतमा अनिल रेग्मी नियुक्त भएका छन्। बैंकको भाद्र ३१ गते सम्पन्न सञ्चालक समितिको ३१२ औं बैठकले सहायक प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत रेग्मीलाई नायब प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गर्ने निर्णय गरेको हो। बैंठकले विगत २ वर्षदेखि सहायक प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत चार्टड एकाउन्टेन्ट रेग्मीलाई असोज १ गतेदेखि लागू हुने गरी नायब प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गर्ने निर्णय गरको हो।

नवनियुक्त नायब प्रमुख कार्यकारी अधिकृत रेग्मी २०८० चैत्र १५ गतेदेखि बैंकको कम्पनी सचिवको जिम्मेवारी समेत सम्हाल्दै आएका छन्। नवनियुक्त रेग्मीसँग तत्कालिन जनता बैंक लिमिटेड र तत्कालिन सेन्चुरी कमर्शियल बैंक लिमिटेडमा ११ वर्ष सहित बैंकिङ क्षेत्रको व्यवस्थापन तहका रही करिब १३ बर्ष कार्य गरको अनुभव रहेको छ।

बैंकिङ क्षेत्रमा प्रवेश गर्नुपूर्व लेखापरीक्षण तथा कन्सल्टेन्सी पेशामा आवद्ध रहेका रेग्मीसंग बैंकिङ लगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुको लेखापरीक्षण कार्य गरको अनुभव समेत रहेको छ। काठमाडौंको लाजिम्पाटमा केन्द्रीय कार्यालय रहेको गरिमा विकास बैंक लिमिटेडले काठमाडौं उपत्यकाभित्र २२ सहित देशभर १२३ शाखा कार्यालय, १ एक्सटेन्सन काउण्टर र ५१ वटा एटिएम मार्फत ग्राहकहरुलाई सेवा प्रदान गर्दै आईरहेको छ।

# काठमाडौंमा सुरु भयो दिपल एक्सचेन्ज कार्निभल




काठमाडौं(जस)-एमएडब्लु वृद्धि अटोकर्पले काठमाडौंको गैरीधारास्थित सिल्भरओकमा दिपल एक्सचेन्ज कानिर्भल सुरु भएको छ। एमएडब्लु ग्रुपका प्रबन्ध निर्देशक विष्णु कुमार अग्रवाल र एमएडब्लु वृद्धि अटोकर्पका प्रबन्ध निर्देशक विवेक सिकारियाले संयुक्त रूपमा एक्सचेन्ज कानिर्भलको सुरुवात गरे।

पहिलो दिनमा आफ्नो पुरानो गाडी साटेर दिपल इभीमा अपग्रेड हुन चाहनेहरुको उल्लेख्य सहभागिता रहेको थियो। दिपल एक्सचेन्ज कार्निभलमा ग्राहकले प्रि-बजेट मूल्य यानि ७१ लाख ९९ हजार रुपैयाँमा दिपल हट मोडेल दिपल एस०७ खरिद गर्न सकिने छ। साथै ग्राहकले आफ्नो पुरानो गाडीको मूल्यांकन नेपालकै टप ६ रिकन्डिसन हाउसबाट गराउन सक्नेछन् ग्राहकको सहजतालाई ध्यानमा राखेर एमएडब्लु वृद्धिले अतिरिक्त एक्सचेन्ज बोनस, अनस्पट फाइनान्स र अन स्पट डेलिभरी पनि पाउने कम्पनीको भनाइ छ।

कार्निभलको उद्घाटनमा एमएडब्लु ग्रुपका प्रबन्ध निर्देशक विष्णु अग्रवालले दिपलले आफ्नो डिजाइन, पर्फर्मेन्स र फिचरका कारण छोटो समयमै नेपाली प्रयोगकर्ताको मन जित्न सफल भएको बताए। त्यसैगरी, एमएडब्लु अटोकर्पका विवेक सिकारियाले 'इन्टेलिजेन्ट, लक्जरियस र फस्ट-टाइम-इन' नेपाल 'फिचर-लोडेड' दिपलका इभीहरुको वनरसिपलाई सहज बनाउन यो विशेष कार्यक्रमको आयोजना गरेको बताए। कानिर्भलको पहिलो दिनमै सोमबार ग्राहकले रुचीका साथ कार्निभलमा सहभागिता जनाएका थिए।

# टोस्टमास्टर्स नेपालको साइटेसन सम्पन्न



काठमाडौं(जस)-टोस्टमास्टर्स नेपालको साइटेसन २०२४ सम्पन्न भएको छ। काठमाडौंको अलफ्टमा भएको उक्त साइटेसनमा देशभरका करिब ३०० सदस्यहरू उपस्थित रहेका थिए। काठमाडौं, भक्तपुर, झापा, धरान, बुटवल, भैरहवा, वीरगन्ज, नेपालगन्ज, पोखरा र चितवनका ६० भन्दा बढी क्लबका सदस्यहरू साइटेसनमा सहभागी भएका थिए। 'टुगेदर फर हन्ड्रेड' भन्ने नाराका साथ टोस्टमास्टर्स इन्टरनेशनलको शतवार्षिकी मनाउँदै सन् २०२६ सम्ममा नेपालमा १०० वटा टोस्टमास्टर्स क्लबको लक्ष्य हासिल गर्ने प्रतिबद्धता पनि उक्त साइटेसनमा व्यक्त गरिएको थियो।

टोस्टमास्टर्स नेपालले हरेक वर्ष टोस्टमास्टरको सदस्यभन्दा बाहेकको एक व्यक्तित्वलाई उनको सञ्चार तथा नेतृत्व क्षमताका लागि 'दि कम्युनिकेटर अवार्ड' प्रदान गर्दै आएको छ।

जनसवाल पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालयः दरबारमार्ग, काठमाडौं, फोन/फ्याक्सः ०१-५३६५६९७/५३२१८४९, मुद्रकः एक्सप्रेस कलर प्रेस प्रा.लि., E-mail janasawalnews@gmail.com, अध्यक्ष/सम्पादकः रामजी बगाले